


**बाल सन्दर्भसामग्री**

बाल बोध - २८


# अनौठा प्राणी र वनस्पति











बाल सन्दर्भसामग्री - २८

# केही अनौठा प्राणी र वनस्पति

## (विज्ञान तथा वातावरण)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

**प्रकाशक**

श्री ५ को सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**पाठ्यक्रम विकास केन्द्र**

सानोठिमी, भक्तपुर ।

**लेखन**

- ध्रुव घिमिरे
- गुहनाथ पौडेल

**सम्पादन**

- गोरखबहादुर सिंह

**भाषा सम्पादन**

- गणेशप्रसाद भट्टराई

**आवरण, चित्राङ्कन, लेआउट तथा डिजाइन :**

- टार्जन राई

**कम्प्युटर**

- अनिल क्षेत्री

**सर्वाधिकार : प्रकाशकमा निहित**

**प्रथम संस्करण :** जेठ, २०५८

# प्राक्कथन

वालकालिकाहरूका ज्ञान, सीप तथा अभिवृत्ति बढाउन, मनोरञ्जन प्रदान गर्ने र मानसिक तथा बौद्धिक विकासका लागि सन्दर्भसामग्रीहरू उपलब्ध हुनु अत्यावश्यक ठानिन्छ । यस्ता विविध सन्दर्भसामग्रीहरूले विद्यार्थीहरूलाई लगनशील र अध्ययनशील वनाई पाठ्यपुस्तकमा भएका विषयवस्तु सजिलै ग्रहण गर्न सहयोग पुऱ्याउँछन् । उल्लिखित कुरालाई मनन गरी पाठ्यक्रम विकास केन्द्रले पाठ्यपुस्तकका अतिरिक्त अन्य पाठ्यसामग्रीहरू पनि प्रकाशन गर्दै आएको छ ।

विद्यार्थीहरूको सर्वाङ्गीण विकास गराई उनीहरूमा जिज्ञासु प्रवृत्ति र सिर्जनात्मक क्षमता अभिवृद्धि गराउनका लागि सन्र्दभसामग्री निर्माण गर्ने क्रममा पाठ्यक्रम विकास केन्द्रले यो शृङ्खला तयार पारिएको हो । हाम्रो देशका अधिकाश बालबालिकाहरूले पाठ्यपुस्तकका अतिरिक्त अन्य सामग्री नगण्य रूपमा मात्र पढ्न पाउने भएकाले पनि यस्ता सामग्री बढी आवश्यक र उपयोगी हुने कुरामा दुईमत हुँदैन ।

यो सामग्री विशेषत: कक्षा चार र पाँचका विद्यार्थीहरूको स्तर हेरी तयार पारिएको छ तापनि परिस्थितिअनुरूप अन्य कक्षाहरूमा पनि उपयोगी हुने अपेक्षा गरिएको छ । प्राथमिक कक्षा भनेको शिक्षाको आधार भएको कुरालाई दृष्टिगत गरी शिक्षकहरूले प्रस्तुत सामग्री विद्यार्थीहरूलाई पढ्ने मौका दिई परस्पर छलफलसमेत गराउन सके यसको प्रभावकारिता बढ्नेछ ।

यो सामग्री तयार पार्न सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र कृतज्ञता व्यक्त गर्दछ, साथै यस सामग्रीका सन्दर्भमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाको हार्दिक स्वागत गर्दछ ।

शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

२०५८

# विषयसूची


| क्र.सं. | पाठशीर्षक | लेखक | पृष्ठसङ्ख्या |
|---|---|---|---|
| १. | बरको रूख, जरा र फेदको कथा | गुहनाथ पौडेल | १ |
| २. | आलु | गुहनाथ पौडेल | ४ |
| ३. | तुलसी | गुहनाथ पौडेल | ७ |
| ४. | लज्जावती झार(बुहारी झार) | गुहनाथ पौडेल | १० |
| ५. | सिउँडी | गुहनाथ पौडेल | १२ |
| ६. | अर्ना र कर्ना | ध्रुव घिमिरे | १४ |
| ७. | जीवन र नाटक | ध्रुव घिमिरे | १८ |
| ८. | लौ भन नानी म को हुँ ? | ध्रुव घिमिरे | २१ |
| ९. | लाटोकोसेरोको निवेदन | ध्रुव घिमिरे | २४ |
| १०. | झुसिलकिरो त पुतली पो बनेछ | ध्रुव घिमिरे | २७ |
| ११. | जेम्स नेपाल र मौरी | ध्रुव घिमिरे | २९ |
| १२. | चुलबुलेको सपना | ध्रुव घिमिरे | ३२ |

# बरको रूख, जरा र फेदको कथा


• गुहनाथ पौडेल

बिदाको दिन थियो । गाउँका एक हुल केटाहरू घरमाथिको जङ्गल चहारेर लखतरान भएर बाटो छेवैको चौतारीतिर आउँदै थिए । चौतारीमा उनीहरूले एउटा नौलो मान्छे बसेको देखे ।

"ए लाहुरे आएको जस्तो छ" - तुलसी पुनले भन्यो ।

उसको छेवैमा एउटा ठूलै झोला त थियो । तर साथमा ट्याङ्का भरिया भने केही थिएन । त्यसैले त्यसलाई लाहुरे नै हो भनेर ठोकेर भन्न उनीहरूले सकेनन् । उनीहरूबीच त्यो लाहुरे हो कि होइन भन्ने विषयमा केहीबेर छलफल भयो । यत्तिकैमा उनीहरू चौतारानजिक आइपुगिसकेका थिए । जे त होला भनेर हर्कबहादुरले दोहोरी नै खेल्न आँटेझैं एउटा सुसेली हाल्यो–

भन्ज्याङको चौतारीमा बरपिपलु छाया ।  
छोडी जाने बैगुनीको के पो गर्नु माया ॥



त्यो मान्छेले उनीहरूको गीतको जवाफ फर्काउँछ कि भनेर केटाहरू त्यतै हेर्दै थिए । उसले भने जवाफ फर्काएन तर हातको इसाराले आफूसँगै चौतारीमा बस्न डाक्यो । केटाहरू पनि वन चहारेर थाकेका थिए । उनीहरु त्यो नौलो मान्छेसँग गएर बसे । कुराकानी हुँदा थाहा भयो त्यो नौलो मान्छे त उनीहरूकै स्कुलमा पढाउन आएको नयाँ शिक्षक पो रहेछ । अघि लाहुरे हो कि भनेर गीत छेडेकोमा केटाहरू पछुतो मान्न थाले । एकछिनपछि हर्कबहादुरले नै भन्यो..."उसो भए सर, हामीले सरलाई नचिनेर गीतले स्वागत गऱ्यौं । सरले अब एउटा कथा हालेर हाम्रो स्वागत स्विकार्नुहोस् ।"

"हुन्छ म तिमीहरूलाई कथा सुनाउँला । तर म अहिले ज्यादै थाकेको छु । खै के सुनाऊँ" भनेर सर एकछिन चुप लाग्नुभयो । अनि फेरि भन्न थाल्नुभयो, "हेर कथा भन्ने कुरा खालि काल्पनिक मात्रै हुँदैनन् ।

विज्ञानका, इतिहासका र हाम्रो घरव्यवहारमा सधैं घटिरहने पनि कथावस्तु हुन्छन् । म तिमीहरूलाई तिमीहरूनजिकै रहेको कुराको कथा भन्छु, सुन्छौ ?"

"सुन्छौं" सवैले भने "चौतारीमा ।"

"के को चौतारीमा ?"

"यो चाहिँ बरको र त्यो पल्लोचाहिँ पिपलको हो ।"

"वर भनेको के हो ? महादेवले स्वस्थानीमा दिने वर हो ।"

"हैन यो वर त रूखको नाम हो ।"

"बरको फाइदा बेफाइदाको वारेमा एकएक जनाले एउटाएउटा कुरा भन त" सरले भन्नुभयो ।"

यसको जवाफमा कसैले बरको पात गोलोगोलो अण्डाकार हुन्छ भने, कसैले यसको फल खान हुन्छ भने । यसैगरी "यसको सेतो दूध जस्तो चोप आउँछ, यसको छायामा वस्न मजा हुन्छ । रूखको वरिपरि यसको सियाल परेको ठाउँमा धान खेती त्यति सप्रँदैन आदि भने ।

त्यसपछि सरले भन्नुभयो, "तिमीहरूलाई धेरै कुरा थाहा रहेछ, अव केही कुरा म पनि भनूँ है त ।"

"यसको सबैभन्दा ठूलो विशेषता- यो सदावहार भइरहने रूख हो । अथवा भनौं यो बाह्रै महिना हरियो भइरहने रूख हो । यो रूख हाम्रो देशको मध्यपहाडी भागदेखि तराईसम्म जताततै पाइन्छ । यो एकदम उपयोगी रूख हो । यसको काठबाट सामान, बोक्रा निकालेको रेसाबाट डोरी, कागज आदि बनाउन सकिन्छ । यसको पात वस्तुभाउले मीठो मानेर खान्छन् । फेरि यो बरको रूख यहाँ नभइदिएको भए हामी यसरी यहाँ जम्मा भएर गफ गर्न पाउने थियौं ?" सरले सोध्नुभयो ।

"थिएनौं" उनीहरूले जवाफ दिए ।

"त्यसैले वरको रूखको सबभन्दा ठूलो फाइदा रहेछ- यसले दिने शीतल छहारी" हरिले भन्यो ।

"अनि नि सर ! हाम्रो मामाघर जाने वाटोमा हाँगैहाँगा भएको तीनचारओटा रूख एकै ठाउँमा जोडिएको जस्तो एउटा अजङ्गको रूख छ, त्यस रूखलाई पनि हाम्रो वा भने "बरको रूख हो" भन्नुहुन्थ्यो नि त । त्यहाँ त स्याल वस्ने ओडार पनि छ ।" पुनले भन्यो ।

"हो तिमीहरू एकदम ठीक ठाउँमा आइपुग्यौ, मैले भन्न खोजेको पनि यही हो । बरको रूखको मुख्य विशेषता भनेकै यही 'जरा र फेदको कथा' हो"- सरले भन्नुभयो ।

"के हो जरा र फेदको कथा भनेको" उनीहरू उत्सुक भएर सरको मुखतिर हेर्न लागे । यत्तिकैमा चराले एउटा बरको दाना उनीहरूको अगाडि फ्यात्तै खसाल्यो । अनि सर भन्न थाल्नुभयो–

"ल ! यी हेर, यो बरको फललाई कुनै चराले चुच्चामा च्यापेर उड्छ । कहिले कता लान्छ, कहिले कता । कहिले अर्को रूखको हाँगामा बसेर खान थाल्छ । कहिले भने चराले उडाएर लगेको यो फल, अहिले यहाँ फुत्त खसेझैं अर्कै रूखको कापतिर पनि पर्न जान सक्छ । रूखको कापोमा खसेको बरको फल त्यहाँ भएको झयाउ पतकर आदिले छोपिन्छ । समय वितेपछि त्यही फलको बीजबाट अर्को रूखको कापमा नै एउटा सानो वरको रूख उम्रिन्छ । एउटा रूखको कापमा अर्को नयाँ रूख उम्रिएको तिमीहरूले देखेका छौ ?" सरले सोध्नुभयो ।

"यस्तो त कतिकति देख्या छ । यस्तोलाई ऐंजेरु पनि भन्छन् होइन सर !" उनीहरूले भने ।

"हो" भनेर सर फेरि वरकै कुरा गर्न थाल्नुभयो, "त्यसपछि त्यो उम्रिएको सानो बरको बिरुवा बढ्न थाल्छ र विस्तारैविस्तारै ठूलो हुँदै जान थाल्छ । यसले माथिमाथि हाँगा पठाउनुका साथै तल जमिनतिर पनि स-साना लहरा पठाउँछ । जमिनतिर पठाएको लहराले जमिन छोएपछि त्यो पहिलेको लहरो नै अब आएर वरको रूखको मूल (फेद) वन्न पुग्छ । यसले माथि हाँगा हाल्छ । तल जमिनभित्र जरा फैलाउन थाल्छ । समय वित्दै जाँदा वरको रूखको हाँगाबाट पहिले जस्तै फेरि अरू लहराहरू जमिनतिर आउँछन् र जमिनमा डेरा जमाइसकेपछि फेरि उनीहरू पनि रूखको मूल (फेद) जस्तै भएर रहन्छन् । धेरै वर्षपछि बरको रूखले आफू उम्रिएको रूखलाई नै मारिदिन्छ र चारैतिर आफ्ना हाँगा र जरा फैलाउन थाल्छ । हाँगाको काण्डबाट जराजस्तै पलाएर जमिनतिर गएको यसको नरम भाग (लहरा) नै पछि गएर जमिन छोएपछि मूल (फेद) जस्तो कडा वन्दै आउँछ र यो क्रम चलि नै रहन्छ । कसैले नचलाउने हो भने धेरैसमयपछि एउटा बरको रूख नै स-सानो जङ्गलै जस्तो देखिन्छ । अघि पुनले भनेजस्तो वरका रूखमा टोड्का आदि पनि अनेक हुन्छन् । यसको टोड्कामा स्याल आदि जनावरले मात्र नभएर मान्छेले पनि आफ्नो बासस्थान बनाउँछ । ल यै हो जरा र फेदको कथा भनेको थाहा पायौ त तिमीहरूले" सरले भन्नुभयो ।

"एउटा बरको रूखमा कतिओटासम्म फेद वा जरा हुन्छन् होला त सर !" हर्कबहादुरले सोध्यो ।


"मैले पनि किताबमा पढेको श्रीलङ्का भन्ने देशमा एउटा वरको रूखमा तीनसय पचासओटा फेद र तीन हजारओटा जति हाँगाबिँगा छन् रे ।" सरले भन्नुभयो ।

"उसो भए तीनसय पचासओटा रूख एकै ठाउँमा जोडिएका छन्, सिङ्गै जङ्गल एउटै रूखको !" उनीहरू सबैले लामो जिब्रो काटेर भने ।

# आलु

• गुहनाथ पौडेल

वि द्यालयमा सर नभएको वेला विद्यार्थीहरू गोठवाट भर्खरै फुकाएको गाईको वाच्छोजस्तै चञ्चल हुन्छन् । केही एउटा वेन्चवाट अर्को वेन्चसम्म कुद्न थाल्छन् । केही साथीभाइ अँगालो मारेर गफमा मस्त हुन्छन् । केही घरमा सक्न नभ्याएको गृहकार्य गर्न थाल्छन् । झन् शिक्षक स्कुलमा नै अनुपस्थित भएको थाहा पाएमा उनीहरूमा रौनक थपिइहाल्छ । कक्षाका सवै विद्यार्थीहरू दुई समूहमा वाँडिन्छन् र कहिले दोहोरी गीत, कहिले गाउँखाने कथा, कहिले गीतको अन्ताक्षरी, कहिले अङ्ग्रेजी शब्दको अन्ताक्षरी चलिहाल्दछ । तर यसो गर्दा पनि उनीहरू ठूलो स्वरले कराएर, टेवल ठटाएर, सिटी वजाएर अरू कक्षाका विद्यार्थीको पढाइ भने विथोल्दैनन् ।



एकदिन सामाजिक शिक्षाको सर बिरामी भएर स्कुल नआउनु भएको उनीहरूले थाहा पाएका थिए । त्यसैले सामाजिकको कक्षा सुरु हुने घन्टी लाग्नेबित्तिकै उनीहरू दुई भागमा वाँडिएर उखानटुक्का भन्न थाले । एउटा समूहले सोधेको उखानलाई अर्को समूहले वाक्यमा प्रयोग गर्नुपर्ने र प्रयोग गर्न नसके गाउँ दिनुपर्ने नियम पनि वनाए ।

यता विद्यार्थीहरू आफ्नै तालमा रमाइरहेका थिए । उता हेडसर उनीहरूको कक्षा खाली छ भनेर आफैं कक्षा लिन आउनुभएछ । हरिले आफ्नो समूहको तर्फवाट "आलु खाएर पेडाको धाक" मात्रै के भनेको थियो, हेडसर टुप्लुक्कै भित्र पस्नुभयो ।

"तिमीहरू के गरेर वसेका छौ भनेर हेर्न आएको, तिमीहरू त ज्ञानी भएर वसेका रहेछौ । तिमीहरूको चालचलन देखेर म दङ्ग परेँ । तिमीहरूलाई म स्यावासी दिन्छु" हेडसरले भन्नुभयो ।

हेडसरले अगि हरिले भनेको उखान सुन्नुभएको रहेछ । "आलु खाएर पेडाको धाक" कसले भनेको हो

हेडसरल भन्नुभयो । हरिले उभिएर "मैले भनेको सर" भन्यो ।

"ठीक छ वस । म आज तिमीहरूलाई कुनै नौलो वा अचम्मको प्राणी वा वनस्पतिको वारेमा भनुँला भनेर आएको थिएँ । के भनुँ, के भनुँ भइरहेको थियो । अव आलुकै वारेमा तिमीहरूलाई केही वताइदिन्छु" सरले भन्नुभयो ।

"जाबो आलु पनि नौलो र अचम्मको होला त सर ! आलु नसुन्ने, नदेख्ने र नखाने त संसारमै कोही छैनन् होला" उदिताले भनी ।

"लौ हेर किन नहुनु । पहिलो कुरा त तिमीले आफ्नो प्रश्नको जवाफ आफैँले दिइसक्यौ । सारा पृथ्वीभरिका मान्छेले देखेको, सुनेको, खाने गरेको भनेपछि यो झन् कम अचम्मको वस्तु भयो त ! संसारभरका मान्छेले खानेमा चामल, गहुँ र मकैपछि आलु चौथोमा पर्न आउँछ । यति धेरै प्रयोग हुने गरे पनि यसको जीवनचक्रको वारेमा तिमीहरूलाई कत्तिको थाहा छ । त्यो पनि त जान्नुपर्‍यो । तिमीहरू सवैलाई आलुवारे थाहा भएदेखि ल भन त आलु जरा हो कि फल हो ?" सरले सोध्नुभयो ।

धेरैजसोले आलु जमिनमुनि फल्ने हुँदा जरा नै हो भने । तर आलुमा पनि जराजस्तो त्यान्द्रातुन्द्री हुने र आलु जराजस्तो मसिनो लामो नभएको हुँदा आलुलाई जरा नै हो भन्न कसैकसैलाई भने गाह्रो पर्‍यो । फल भने हुँदै होइन भन्ने कुरामा भने सवै सहमत भए ।

"तिमीहरूले आलुको फूल देखेका छौ ?" सरले फेरि सोध्नुभयो ।

यसपाली पनि कसैले छौँ भने कसैले छैनौँ भने, सवैको एकमत भएन ।

सरले एउटा आलुको बोटको चित्र बनाउनुभयो । आलु, जरा, डाँठ, पात र माथि फूल समेत फुलेको । अनि भन्न थाल्नुभयो- "आलु वास्तवमा न जरा हो न त फल नै । यस्तो खालेलाई हामी कन्दमूल भन्दछौँ । यो जमिनमुनि फल्ने भए पनि बोटबिरुवाको जराभन्दा यसको बनावटमा फरक छ । अदुवा, आलु, प्याज आदि जमिनमुनि फल्ने भए पनि यिनीहरू बोटबिरुवाका जरा मात्रै भने होइनन् ।

"जरा र यिनमा के फरक हुन्छ र सर !" रघुले सोध्यो ।

"तिमीले ठीक सोध्यौ रघु" सरले भन्नुभयो "जराको मुख्य काम बोटबिरुवालाई जमिनभित्र रहेको पानी र खनिजतत्त्व पुर्‍याउनु हो । जराले जमिनको भित्र रहेको पानीलाई सोसेर माथि पातसम्म पुर्‍याउन पम्पको जस्तै काम गर्छ । बोटबिरुवाले आफ्नो खाना पातमा बनाउँछन् अथवा बोटविरुवाले पानी र घामको सहयोगमा हरियो पातबाट आफ्नो लागि खाना तयार गर्छन् । यही खानावाटै वोटविरुवा पौष्टिकता पाएर बढ्ने गर्छन् । बोटविरुवा वढ्दै गएपछि यसका पात र जरा पनि क्रमैले वढ्दै जान्छन् । अरू वोट बरुवाका साधारण जराले पातमा वनेको खानाको केही अंश मात्र पाउँछन् । उनीहरूको धेरै अंश फूल र फल लाग्नपट्टि जान्छ । तर यी कन्दमूल भने पातमा वनेको खानाको ठूलै अंश लिएर आफू मोटाघाटा र हृष्टपुष्ट हुन्छन् । खिनौरिएको आलुको वोटमा स-साना मात्र दाना लागेको त तिमीहरूले पनि देखेकै हौला" सरले भन्नुभयो ।

"तर सर मैले विचार गरेको एकदम मल पुगेर झ्याङ्गिएको आलुको बोटमा पनि ठूला दाना भने लाग्दा रहेनछन् । स-साना मात्रै दाना लाग्दा रहेछन् ।" कृष्ण महर्जनले भन्यो ।

"त्यो पनि ठीक हो । प्रशस्त पानी तथा मल पायो भने वोट झ्याङ्गिने त गर्छ तर यसबाट पात वा डाँठ मात्र मौलाएर आउँछ । कुनै खनिज वा रासायनिक तत्त्वको कारणले आलुको पातमा बनेको खाना कन्द ( आलुको दाना) सम्म पुग्न पाएन भने त्यो खाना बीच बाटोमै डाँठतिरै अलमलिन्छ र आलुको कन्द बढ्नुको सट्टा यसका हाँगाविँगा र पातहरू वढ्न थाल्छन् र यो झ्याङ्गिन्छ, दाना भने ठूलो लाग्दैन ।"

यति भनेर सर विद्यार्थीहरूले केही सोध्छन् कि भनेर उनीहरूको मुखतिर हेर्न थाल्नुभयो ।

"यति नजिकको आलु कति अचम्मको वनस्पति रहेछ" सर्मिलाले भनी ।


"अँ त यसको अर्को अचम्मको कुरा त यसको सन्तान उत्पादन गर्ने प्रणाली पनि हो । हामी यता आलुलाई रोपेरै हामी उमार्छौं । टुसाएको एउटा सिङ्गो आलु रोपेमा एउटा वोट उम्रन्छ । त्यही आलुमा धेरै टुसाहरू छन् भने टुसा नभाँचिने गरेर टुसासहितको आलु रोप्यो भने त्यसवाट पनि नयाँ आलुको वोट उम्रन्छ । फेरि अर्को अचम्म हामीले अघि आलु फुल्छ भन्यौं नि ! हो त्यो आलुको फूलबाट गोलभेडा जस्तै फल लाग्छ । त्यो फल पछि पाक्छ र यसलाई खान पनि हुन्छ ।" सरले भन्नुभयो ।

एउटै बोटमा तल आलु माथि गोलभेडा । यो आलु त जति बुझ्यो त्यति अचम्मको रहेछ भन्दै थिए विद्यार्थीहरू । कक्षाको घन्टी लागेकाले हेडसर निस्कनुभयो । सबै मुखामुख गर्न लागे ।

# तुलसी

● गुहनाथ पौडेल

उसो त हजुरआमा सधैं चाँडै उठेर नुहाउनेधुवाउने गर्नुहुन्थ्यो । आज मेनकालाई ३ वजेतिर पिसाव लागेर उठ्दा त हजुरआमा उठिसक्नुभएको रहेछ । किन राती नै उठ्नुभएको हजुरआमा भनेर मेनुले सोधेकी त, "उहाँ आकाशमा तीनआँख्ले उदाइसके । अव विहानी भइगयो नि, आज तुलसीको विहे गर्ने दिन हो । मन्दिरसन्दिर जानुपर्ने, तँ पनि उठ्, वरु नुहाइधुवाइ गर् जाऊँ नतिनी-वजू नारानथानतिर पो" भन्नुहुन्छ त । मेनका हजुरआमाबाट उम्किएर आफ्नै ओछ्यानमा गएर सुती । विहान उठेपछि भगवान्को स्त्रोत्र पाठ गर्दै नुहाउने पूजापाठ गर्ने हजुरआमाको बानी थियो । आज त झन् चाँडै पनि उठ्नुभयो । मेनकालाई निद्रा नपरेर हो कि स्त्रोत्र पाठ धेरै थर्किने गरेर गर्न पो थाल्नुभयो-



वृन्दावनको वरिपरि तुलसीको घारी
मलाई पनि लैजाऊ प्रभु भवसागर तारी ॥
मथुराको वृन्दावनमा गाई चराउने झोर
कति राम्रो कृष्णजीको मुरलीको सोर ॥

हजुरआमाले कृष्णजीको मुरलीको 'सोर' कहाँबाट सुन्नुभएछ र यति मीठो लाग्या हो कुन्नि । मेनकाको मीठो निद्रा भने हजुरआमाको 'सोर' सुनेर कुलेलम ठोकेर भाग्यो । बिउँझैपछि ओछ्यानमै सुत्ने उसको बानी थिएन । त्यसैले हजुरआमाकै पछि लाग्ने विचारले आफू पनि उठी ।

उठेपछि पो उसले थाहा पाई, आज ठूलो एकादशी रहेछ । तिहारको भाइटीकापछि आउने एकादशीलाई ठूलो एकादशी भन्दछन् भन्ने उसलाई थाहा थियो तर हजुरआमाले नसम्झाउन्जेल उसले बिर्सिछ ।

ए ! हो त नि आज तुलसीको बिहे भनेर उसले पनि हतारहतार नुहाई । उज्यालो भएपछि नातिनी-वजू नारायणस्थान दर्शन गर्न गए । आजको दिन मान्छेहरू सकेसम्म विष्णु भगवान्को मन्दिरमा जाने गर्छन् । मन्दिरबाट घर फर्कंदा एघार जति वजिसकेको थियो । घरमा आमाले पिँडालु, सखरखण्ड आदि उसिनेर राख्नुभएको रहेछ । मेनकालाई त्यही खान दिनुभयो ।

“त्यति खाइसकेर बारीबाट फूल टिपेर ल्याएर तुलसीको मठ सिँगार् है ।” हजुरआमाले भन्नुभयो ।

“म जान्दिनँ कि” मेनुले भनी ।

“नजाने म सिकाइदिइहाल्छु नि, अब त जान्दै गर्नु पनि त पर्‍यो नि !” हजुरआमाले भन्नुभयो ।

हजुरआमाले सिकाएझैँ उसले पहिला गोबर र रातोमाटो मिलाएर तुलसीको मठ राम्रोसँग पोती । हजुरआमाले कमेरो ल्याएर त्यसमा सेतो बुट्टा भर्नुभयो । फेरि हजुरआमाले सिकाएअनुसार मेनकाले तुलसीको मठमा “राधा तुलसी, नारायण...” आदि अक्षर केशरी र अबिरले लेखी ।

उनीहरूले फूलको माला गाँसेर तुलसीको मठवरिपरि नर्कट गाडेर मालाले घेरी मण्डपै जस्तो बनाए । “साँच्चै तुलसीको मठ त बिहे गर्ने जग्गे जस्तो पो देखियो त !” मेनकाले मनमनै भनी ।

मेनका आमासँग बदाम, सुन्तला र हलुवावेद मागेर पिँढीमा बसेर खान थालेकी थिई, उसका दाइ आइपुग्नुभयो । दाइ सहरमा बसेर कलेजमा पढ्ने गर्नुहुन्थ्यो, अचेल परीक्षा सकेर घरै बस्नुभएको छ ।

“क्या हो आज निकै मुसुमुसु छ नि” दाइले सोध्नुभयो ।

“आज तुलसीको बिहे हो नि त !” बहिनीले भनी ।

“फेरि तेरो नाम तुलसी भनेर कसले राख्यो हँ ?” दाजुले बहिनीलाई जिस्क्याउन खोज्नुभयो ।

“मान्छेको बिहे हो त ! त्यो पूजा गर्ने तुलसीको बिहे भनेको पो त !” बहिनी ठुस्सिन खोजी । दाजु भित्र गएर लुगा फेरेर पिँढीमा नै आएर बस्नुभयो । दाइलाई पनि आमाले सखरखण्ड आदि ल्याएर दिनुभयो । दाजुबहिनी खाँदै कुरा गर्न लागे ।

“साँच्ची दाइ संसारभरि जहाँ पनि आज तुलसीको बिहे गर्लान् ?”

“संसारभरि त के गर्लान् गर्दैनन् । हामीजस्तै नेपालभारतका मान्छेले भने प्राय: तुलसीको बिरुवा रोपेर त्यसलाई पूजा गर्ने गर्छौं ।”

“तुलसीलाई नै मात्रै किन पूजा गर्ने गरेको होला हकि ?”

“हाम्रो धार्मिक मान्यताअनुसार सबै प्राणी र वनस्पतिमा भगवान्‌को बास हुन्छ भन्छन् । त्यसैले मान्छेले पूजा गर्ने गरेका होलान् । पिपल, बर आदि रूखलाई पनि त हामी भगवान् सम्झेर पूजा गर्ने गर्छौं नि । फेरि तुलसीलाई विष्णु भगवान्‌को अवतारकै रूपमा मान्छन् ।”

“रूख आदि वनस्पति र हामी प्राणीबीच एकआपसको सम्बन्ध छ । बिरुवा नभए हामी हाम्रो साससम्म फेर्न सक्दैनौं । हामीलाई भलो गर्ने वनस्पतिमध्ये ज्यादै भलो गर्नेलाई मान्छेले आफ्नो घरनजिकै ल्याएर पूजा गरेर राखेको होला” दाइले भन्नुभयो ।

“यसले त्यस्तो ज्यादा के भलो गर्दो रहेछ र” मेनकाले सोधी ।

“संसारभरमा तुलसीको ज्यादै महत्त्व छ । यसबाट ज्यादै महँगा औषधिहरू बनाइन्छ । घाँटी दुखेमा, ज्वरो आएमा, पेट दुखेमा हामीले पनि तुलसीको पात पकाएर पानी खाने गरेका छौं होइन र ? फेरि सर्प बिच्छी आदिको टोकाइबाट भएको विष झार्ने काममा पनि यसको उपयोग हुन्छ । तुलसीको बास्नाले लामखुट्टे, किरा आदि पनि भाग्छन् । त्यसैले तुलसी घरनजिकै रोप्नाले हामीलाई प्रत्यक्ष फाइदा हुन्छ” दाइले भन्नुभयो ।

अरू देशमा तुलसी हुन्छन् कि हुन्नन् भनेर मेनकाले सोधेपछि दाइले भन्न थाल्नुभयो :

"हाम्रो देशको पहाडी भागदेखि तराईका सम्पूर्ण भागमा तुलसी पाइन्छ । जनकपुर क्षेत्रमा अझ झाङ्गिएको हुन्छ । भारतको मथुरा, वृन्दावन भन्ने ठाउँमा त तुलसीको जङ्गलै छ भने पनि हुन्छ । यति ठाउँमा तुलसीलाई देउता मानेर पूजा गरिन्छ । यीवाहेक दक्षिण अमेरिका, उत्तर अमेरिका, अफ्रिका र युरोपमा पनि तुलसी पाइन्छ । अमेरिकाको क्यालिफोर्निया, वासिङ्टन र ओटेगनमा यसको व्यावसायिक रूपमा खेती पनि गरिन्छ । तुलसी पनि ठाउँअनुसार विभिन्न जात र आकारको हुने गर्छ । यसको डाँठ कतै गोलो गोलो हुन्छ भने कतै चौकुने हुन्छ । पातको वनावटमा पनि फरक हुन्छ । दक्षिणी अमेरिका र अफ्रिकाका जङ्गलमा पाइने जङ्गली तुलसी र अन्यत्र खेती गरिने तुलसीमा गुण, स्वाद र वोटमा फरक पाइन्छ ।"

"के हामीले धान खेती गरेझैं तुलसी खेती गर्ने भनेको ? यसवाट के फल्छ र ?" मेनकाले सोधी । दाइ भन्न थाल्नुभयो-

"हामीले धानको खेती गरे जस्तै गरेर तुलसीको पनि खेती गरिन्छ । पात तथा मुन्टा टिप्न यसको खेती गरिने हो । यसको खेती गर्न सजिलो पनि छ । रोपेको साठी दिनदेखि नै यसको मुन्टा र पात टिप्न पाइन्छ । फेरि एक याममा पाँचपटकसम्म पनि यसको फसल लिन सकिन्छ । यसरी खेती गरिएको तुलसीवाट सुगन्धित तेल तथा महत्त्वपूर्ण औषधि वनाइन्छ । यसको सबैभन्दा ठूलो प्रयोग औषधिमै हुन्छ । तर इटली आदि देशमा खानाको स्वाद बढाउन मसलाको रूपमा पनि यसको प्रयोग गरिन्छ । गर्भवती महिलाले स्वस्थ बच्चा जन्मोस् भनेर पनि यसको सेवन गर्छन् ।

यति भनेर दाइ उठेर जानुभयो । मेनका पनि आफ्नो काममा लागी । हजुरआमा भने आफ्नो 'सुर' गाउँदै हुनुहुन्थ्यो ।

... तुलसीको घारी ॥

... भवसागर तारी ॥

# लज्जावती झार(बुहारी झार)

● गुहनाथ पौडेल

मेरो नाम लज्जावती झार हो । मान्छेले गरेको वर्गीकरणअनुसार म घाँसवर्गमा पर्छु । ठाउँअनुसार मलाई मधेशतिर बुहारी झार पनि भन्दछन् । बुहारी झार पनि लज्जावती पनि मेरो स्वभाव देखेर मान्छेले राखेको मेरो नाम मात्र हो । म मानिसहरूको बुहारी लजाएको जस्तै गरी लजाएर खुम्चन्छु अरे । त्यसैले उनीहरूले मलाई लज्जावती भनेका । मलाई भने लजाउनु भनेको के हो, खुम्चनु भनेको के हो ? र बुहारी भनेको के हो भन्ने पनि थाहा छैन ।

म मसिनो काँडेदार झार हुँ । स-साना झ्याम्टाझ्याम्टी भएर जमिनमा टाँसिएझैं गरी बस्छु । मेरा पातहरू पनि उनिउँ, अमला वा शिरीषका पातहरूजस्तै स-साना पातैपातका समूह हुन्छन् । मेरो शरीरको बनावट नै यस्तो छ कि, मानिस वा अरू कसैले पनि मलाई छोइदिएमा मेरा झर्झराउँदा पातहरू लल्याकलुलुक भएर ओइलाउँछन् । यसरी मेरा ओइलाएका पातहरू कसैले चुँडेर वा उखेलेरै नफालिदिएमा आधा घण्टाजतिमा फेरि पहिलेको जस्तै झर्झराउँदो अवस्थामा देखा पर्छन् ।



मान्छेका भर्खरै विवाह गरेर ल्याएका दुलहीहरू पनि कोही नयाँ मान्छेले जिस्क्यायो भने अथवा नजिकै आएर हेरिदियो भने लाजले खुम्चिएर एउटै डल्लो परेर बस्छन् रे । तिनै बुहारीजस्तै डल्लो परेर बसेको भनेर मान्छेहरूले मेरो नामै 'बुहारी झार' राखिदिएछन् ।

मैले लाज मानेर यस्तो भएको होइन, वास्तवमा मेरो शरीरको बनोट नै यस्तो छ त म के गरौं ? मेरा पात तथा डाँठमा तपाईंहरूले ध्यान दिएर हेर्नुभयो भने यी सबै कुरा तपाईंहरू आफैं बुझ्न सक्नुहुन्छ ।


मेरा स-साना पातहरू नरम मसिना हाँगा अथवा डाँठभन्दा केही माथि उठेका हुन्छन् । यो उठेको ठाउँमा मेरा कोशिकाहरू हुन्छन् । मानिसको हात गोडामा जतातत्तै स-साना नसाहरूले रगत पुऱ्याएजस्तै, हाम्रो पनि पातमा पानी पुऱ्याउने ज्यादै सानासाना नसाहरू जालो जस्तै गरेर छाएर बसेका हुन्छन् । यी पात र डाँठवीच पानीको आउने र जाने क्रम नै मेरो ओइलाउने र झर्झराउँदो हुने क्रम हो । जब मेरा डाँठमा रहेका कोशिकाहरूले पनि सोसेर, पातमा जान नदिई राखिरहन्छन्, मेरा पातहरू झर्झराउँदा भइ नै रहन्छन् ।

उसै त म एकदमै सानो झार, फेरि मेरो जिउ पनि निकै सवेदनशील छ । कसैले छोइदिएमा मेरो शरीरभर मान्छेलाई करेन्ट लागेजस्तै हुन्छ । मेरो डाँठमा रहेको पानी रोकेर राख्ने कोशिकाले पनि आफ्नो काम गर्न सक्दैन । डाँठमा जमेको पानी पातलो जालीजस्तै नदी हुँदै पाततिर ह्वात्त जान्छ । डाँठमा रहेको पानी पातमा पुगेपछि मेरो पात लत्याकलुतुक भएर ओइलाउँछ र म मान्छेका वुहारीजस्तै वन्न पुग्छु ।


# सिउँडी

• गुहनाथ पौडेल


सिउँडी नेपाल अधिराज्यमा जताजतै पाइने वनस्पति हो । यो सेपिलो-रापिलो, चिसो-सुख्खा, ममिलो-गिर्ख्याइलो जस्तोसुकै ठाउँमा पनि पाइन्छ । हाम्रो देशमा मात्रै नभएर मरुभूमिजस्तो सुख्खा ठाउँमा पनि यो उम्रिएको पाइन्छ । हाम्रोगाउँघरतिर वारीका कान्लाकान्लीमा वारको रूपमा पनि यो लगाइन्छ ।



ठाउँ र जातअनुसार यो फकरफरक आकारप्रकारको हुन्छ । कतैकतै यसलाई नागफणि पनि भनिन्छ । यो गोलो लामो वा पाटापरेको लामो पनि हुन्छ । कतै बाक्लो पातजस्तो आकारको पनि पाइन्छ । यिनमा फूलहरू पनि फुल्छन् । सबैमा एकैनासे फूल फुल्दैनन्, जातअनुसार फरकफरक फूल फुल्छन् । सवैमा हुने एउटै गुण के हो भने यो दुधिलो वोट हो र यसमा तिखा काँडा हुन्छन् ।




यसको हाँगा भाँचेमा यसवाट दूधजस्तो सेतो तरल पदार्थ (चोप) आउँछ । यो चोप विपालु हुन्छ । पहिला पहिला अपराधीलाई दण्ड दिँदा सिउँडीको चोप आँखामा हालेर आँखा फुटाई दण्ड दिने गर्दथे भन्ने कुराको उल्लेख पाइन्छ । यसका तिखा तथा भुसे काँडाहरू हुन्छन् । यिनीहरू पनि विपालु हुन्छन् । यी काँडाले घोचेको ठाउँमा पाक्ने र पीप वग्ने गर्दछ ।



हाम्रो समाजमा सिउँडीको वोटलाई राम्रो वोट मानिँदैन । कुनै मान्छेलाई केही काम नलाग्ने वेकामको वनाउनुपरेमा "कस्तो सिउँडीजस्तो रहेछ" भन्ने गरिन्छ । यति हुँदाहुँदै पनि अरू कुनै वनस्पतिले नपाएको सम्मान यसले पाएको छ । विभिन्न गुणकारी हजारौं फूलले सजाइएको वगैंचाको वीचमा वडो सजधजका साथ सिउँडीलाई उभ्याएको देख्न पाइन्छ ।

अचेल सिउँडीलाई घरघरमा पनि सजाएर लगाउने चलन छ । त्यतिमात्र नभईकन काँडा र भुस मात्र भएको यो वैगुनी सिउँडीलाई वैठक कोठामा पनि सजाएर राख्ने गरेको पाइन्छ ।

जानेर होस् वा नजानेरै होस् कोठामा सजाएर राखेको सिउँडी पनि हाम्रो लागि फाइदाजनक नै हुने रहेछ । सिउँडीमा चुम्बकीय विद्युत् तरङ्गलाई सोसेर लिने



शक्ति हुँदो रहेछ । कम्प्युटर चलाउँदा, टेलिभिजन हेर्दा, रेडियो सुन्दा, विजुली वत्ती वाल्दा चुम्वकीय विद्युत् तरङ्गहरू फैलिएका हुन्छन् । यी कतिपय तरङ्गहरू मानिसका लागि हानिकारक हुन्छन् । कोठामा रोपिएका यी सिउँडीहरूले ती हानिकारक तरङ्गहरू केही हदसम्म भए पनि सोसेर आफूमा राखिदिन्छन् भन्ने कुरा अहिले आएर प्रमाणित भएको छ । सिउँडीजस्तो झुसे काँडो पनि हाम्रो हितैषी मित्र पो हुँदो रहेछ त ।

हाम्रो गाउँघरतिर भूतप्रेत नलागोस् भनेर मूलढोकामाथि सिउँडी राख्ने चलन छ । यो त गजव वैज्ञानिक काम रहेछ नि त । हामीले नदेख्ने तर हामीलाई अनिष्ट गर्ने विद्युत् तरङ्गलाई सोसेर लिन सक्ने यसको क्षमता अहिले आएर प्रमाणित भएकाले ढोकामाथि सिउँडी राख्नु पनि वैज्ञानिक दृष्टिकोणवाट स्वास्थ्यकर नै रहेछ भन्ने कुरा पनि त प्रमाणित भयो नि ! कसो !

# अर्ना र कर्ना

• ध्रुव घिमिरे

छुट्टी जति नजिक आउँथ्यो उति हामी खुसी हुन्थ्यौं । आगामी छुट्टी कसले कसरी बिताउने भनी छात्रावासमा हामी गफ गर्थ्यौं । कोही पौडी खेलेर बिताउने भन्थे त कोही फिल्म हेरेर । आफूलाई भने कहिले छुट्टी होला र घर गई गोठालो जाउँला भन्ने ध्याउन्न थियो । नभन्दै फगुवा आयो । एक हप्ताको लागि विद्यालय बन्द भयो । गोठालो गई जङ्गलमा घुम्ने तीव्र इच्छा लिएर छात्रावासबाट छ घण्टा हिँडेर म घर आइपुगेँ ।



तर घरमा आउँदा त जङ्गल घुम्ने निहुँ नै बन्द । गाई, गोरु, भैँसी गोठमा नभएपछि गोठालो जानै पाइएन । अनि बनमा घुम्ने कसरी ? आउनेबित्तिकै आमासँग सोधेँ "आमा ! हाम्रो गोठ त रित्तै छ नि ! खै कर्ना भैँसी, मालेगोरु, धेनुगाई खै त ?" आमाले भन्नुभयो, "यहाँको (घर नजिकैको) जङ्गलमा घाँस निखियो । त्यसमा पनि गाउँघरमा खोरेत बढ्यो । त्यसैले सबै गाई, गोरु, भैँसी लिएर काका कोसी किनारमा जानुभयो ।" आमासँग बिन्तिभाउ गरी गोठको लागि अलिकति पिठो बोकेर गोठ देखेको एकजना साथी लिएर म भोलिपल्टै कोसी टप्पुतिर हिँडें । दिनभरि चारकोसे झाडी हिँडेपछि साँझतिर मात्र हामी गोठ भएको ठाउँमा पुग्यौं । जङ्गलको बीचमा कोसीको किनारमा बनाइएका २-४ ओटा गोठमा हाम्रा र छिमेकका गाईवस्तुहरू बाँधिएका थिए ।

"ए ! यो त आएछ, ल बस् ।" काकाले हाँस्दै भन्नुभयो । "लौ ठूलो वावुको कथा सुनेर रात राम्ररी बित्नेभो ।" छिमेकी दाइले खुसी व्यक्त गर्नुभयो ।


"काका ! काका !! कर्ना खै त ?" गोठमा भैंसी नदेखेपछि सोधिहालें । "खै वावु ! आज पनि दिनभरि खोजियो फेला परेन, अरू भैंसीसँगै कर्ना हराएको तीन दिन भइसक्यो ।" छिमेकी दाइले निराश भई वताउनुभयो । मेरो प्यारो कर्ना भैंसी हराएकोमा मलाई साह्रै दु:ख लाग्यो । मलाई कुरा गर्न, खान पनि मन लागेन । "तँ र म भएर भोलि उत्तरतिर खोज्न जानुपर्ला" काकाले सुत्ने वेलामा भन्नुभयो ।

भोलिपल्ट विहान दूध, पीठो कुराउनी दिउँसोको लागि खाजा पनि वोकी हामी काका भतिजा कर्ना खोज्न उत्तरतिर लाग्यौं । तराईको जङ्गल, फागुन चैतको महिना, दिउँसोको कडा घामले हामीलाई भुतुक्कै पाऱ्यो । तैपनि हामी अघि बढ्यौं । चारैतिर वनमाराको झाडीको बीचवाट कहिले अग्लिएर र कहिले निहुरिएर हिँड्नुपर्थ्यो । कतै मजुर नाचेको, कतै वँदेल आहाल खेलेको दृश्य हेर्दै हामी अघि बढ्दै गयौं । हामी बीचबीचमा "कर्ना ! हे, आ... कर्ना आइँ...आइँ" भन्दै कर्नालाई बोलाउँदै पनि थियौं ।

२-३ बजेसम्म पनि कर्नाको पत्तो नलागेकाले त्यसपछि हामीले फर्कने विचार गऱ्यौं । फर्कनुभन्दा पहिले अग्लो ठाउँबाट चारैतिर हेर्ने विचारले काका भतिजा दुवै हाँगैहाँगा भएको झ्याम्म परेको अग्लो रूखमा चढ्यौं ।

भुइँबाट २०-२५ हात माथिको हाँगामा बसेर हामी खाजा खाँदै बरपर हेर्दै "कर्ना ! कर्ना !!" भनी हराएको भैंसीको वथानलाई बोलाउन थाल्यौं ।

केही परबाट "आइँ" को आवाज आएको जस्तो लागेकाले मेरो ध्यान त्यतै केन्द्रित भयो । ४०-५० हात जति परको वनमारा झाडी हल्लिएको थियो । झाडीभित्र कालो वस्तु झुलुक्क देखिएकाले मैले आफ्नो प्यारो कर्ना नै हो भन्ने ठानेर "काका उ: कर्ना" भनेर चिच्याएँ । "खै कहाँ छ ?" काकाले मेरो मुखमा हेर्दै सोध्नुभयो । "उ: क्या त" मैले झाडीतिरै देखाएँ । काकाले पनि गौंड गरेर हेर्नुभयो । यत्तिकैमा साझीबाट ४-५ ओटा भैंसी देखा परे । उनीहरू हामी बसेकै रूखतिरै आउँदै थिए । "कर्ना ! हे आ ।" मैले बोलाएँ । तिनीहरू टक्क अडिए । यसो नियालेर हेरें । यी जन्तु भैंसीजस्तै भएर पनि भैंसीभन्दा अग्ला र मोटा थिए । घरका राँगा, भैंसीहरूभन्दा यिनीहरूको जिउमा बढी भुत्ला थियो । सिङ् पनि साह्रै मोटा र २-३ हात जति लामा थिए । यिनीहरूको जिउ कालो थियो भने खुट्टातिर सेता रौं प्रशस्त थिए । केही छिनपछि मोटो ठूलो गर्दन भएको राँगो भुइँ खोस्रँदै कर्के आँखाले माथितिर हेर्दै अघि वढ्यो । त्यसको



पछि भैंसी र त्यसपछि स-साना पाडापाडीहरू हामी भएकै रूखतिर लम्किए । राँगा र भैंसी कालाकाला थिए भने पाडापाडी चाहिँ केही पहेंलापहेंला रङ्का थिए ।

"ए ! रूखमा छल्लिई, अर्नाको बथान आयो, अर्ना !" काकाले कानेखुसी गर्दै भन्नुभयो । "अर्ना कि भैंसी ?" मैले नबुझेरै सोधें ।" "अर्ना भनेकै जङ्गली भैंसी हो नि ।" काकाले कानेखुसी गर्दै भन्नुभयो । हामी रूखको अडेस लाग्यौं र अर्नाको नजरबाट आफूलाई बचाउने कोसिस गर्‍यौं । लुकेर हेर्दाहेर्दै त्यो अर्नाको बथान हामी भएको रूखको मुन्तिर आइपुग्यो र सिँगौरी खेल्न थाल्यो । बथानको नाइके राँगाले सिङ र टाउकोको बलले हिर्काउँदा त त्यत्ति मोटो रूख थररर हल्लियो । संयोगले उसले हानेको रूख हामी चढेको रूख होइन रहेछ, नत्र हामी काका भतिजा नै एकैचोटि अर्काको अगाडि खस्न पुग्थ्यौं होला ।

मैले देखें- घरका राँगाभैंसी र जङ्गलको अर्नामा धेरैकुरा मिल्दाजुल्दा हुँदा रहेछन् । रङ्रूप, आहाल खेल्ने बानी सबै उस्तैउस्तै । फरक के भने घरका भैंसीराँगाहरू साना हुन्छन् भने यहाँका ठूला झन्डै ५-६ फिट अग्ला । घरको भैंसीको जिउमा भुत्ला कमै हुन्छ, कालो छाला नै प्रस्ट देखिन्छ भने यिनीहरूको जिउभरि बाक्ला भुत्ला हुँदा रहेछन् । सिङ पनि घरका राँगाभैंसीका भन्दा दोब्बर मोटा र लामा । यिनीहरूको टाउको पनि घरका भैंसीभन्दा झण्डै दोब्बर ठूलो थियो । घरका भैंसीराँगाहरू ३००-४०० किलोग्रामसम्मका हुन्छन् भने यिनीहरू त ८००-९०० किलोग्रामसम्मका हुन्छन् रे । यिनका आँखा पनि ठूला र राता-राता हुँदा रहेछन् ।

हामी निक्कै बेरसम्म हल न चल भएर बस्यौं । यिनीहरूले पनि धेरै बेरसम्म रूखमा सिँगौरी हानेर खेले । करिब १ घण्टापछि यिनीहरू अगाडि बढे । हामी निक्कै बेरसम्म चुप लाग्यौं । अर्नाको बथान ४००-५०० हात पर पुगेपछि म उठ्न के खोज्दै थिएँ, काकाले "चुप लागेर बस् लाटा ! तेरो रातो लुगा देख्यो भने फेरि फर्कन्छ" भन्नुभयो । म हाँगामा अझ टाँस्सिएर बसें ।

निक्कै बेरपछि काकाले चारैतिर हेरेर भन्नुभयो "ल हिँड् जाऔं, आजलाई कर्ना भेटिएन ।"

हामी सँगै ओर्लियौं । अघिको अर्ना सम्झेर म अझै काम्दै थिएँ ।

"काका यसले मान्छेलाई मार्छ ?" मैले सोधें ।

"उसलाई चलायो जिस्कायो र ऊ रिसायो भने बाँकी राख्छ त ? अर्नाको बथानबाट बाघ त बाँच्न सक्दैन, मान्छेको के कुरा ?" काकाले भन्नुभयो ।

"हँ यसले बाघलाई पनि मार्न सक्छ ?"

"सक्छ । यिनीहरूको बथानमा बाघको पनि केही लाग्दैन । सिङले हानेकै भरमा यिनीहरू बाघलाई भगाउँछन् ।"

"काका ! अर्ना पहाडमा हुँदैन ?"

"हुँदैन, यो त हाम्रो देशको तराई र भित्री मधेशमा मात्र हुन्छ । यसबाहेक बर्मा, भारतका केही भागमा पाइन्छ ।"

"किन काका ?"

“किनकि बाक्लो घाँस भएको, पिउने र आहाल खेल्ने पानीको सुविधा भएको गर्मी ठाउँको जङ्गल नै यिनीहरूको मन पर्ने थलो हो ।”

“काका यसले कतिओटा पाडापाडी पाउँछ ?”

“तेरो भैंसीले जस्तै एउटा नि, अव कतिओटा ? धेरै जसो साउनभदौतिर पोथी अर्ना गर्भवती हुन्छ अनि चैत वैशाखतिर पाडापाडी पाउँछ ।”

“त्यसो भए त काका यिनीहरूको सङ्ख्या धेरै हुनुपर्ने नि, तर छैन नि किन ?”

“मान्छेले गर्दा नि, अब पहिलेको जङ्गल काटेर सबैले खेती गर्न थाले, विचरा अर्ना चर्ने जङ्गलै सकिन आँटिसक्यो । त्यसमा पनि सिकार खेल्ने, घरपालुवा भैंसीको बथानको वीचमा पारेर अर्ना राँगा वा भैंसी चोरेर ल्याउने, मार्ने, बेच्ने गरेर अब त यिनीहरू सकिन मात्र बाँकी छन् ।”

“कठै बिचाराहरूले आफूखुसी बाँच्न पनि नपाउने भए, हगि काका ?”

यसरी गफ गर्दै हामी पुन: कोसी किनारको गोठमा आइपुग्यौं । मैले यो घटना अझै बिर्सन सकेको छैन । कतै मोटो खालको राँगो वा हान्ने भैंसी देख्यो कि त मेरो रौं ठाडा हुन्छन् । त्यही दिनको अर्नाको दृश्य मेरो आँखाअगाडि आउने गर्छ । म कहिलेकाहिँ सोच्छु मेरो कर्नासहित हराएको भैंसीको बथान मानिसको हात नपरे केही वर्षपछि अर्ना हुन के बेर । किनकि जङ्लबाट अर्ना समातेर घरमा पाल्दा घरपालुवा भैंसी राँगा भए भने घरका भैंसीराँगा जङ्गलमा धेरै वर्ष बस्दा अर्ना हुन सक्दैनन् र ?

# जीवन र नाटक

• ध्रुव घिमिरे

उसको नाम ज़ीवन हो । ऊ चार कक्षामा पढ्छ । बिदाको दिन नौलानौला ठाउँ घुम्न ऊ मन पराउँछ । यसपालिको गर्मीको बिदामा ऊ काठमाडौं आयो । काठमाडौंमा उसको मामाघर छ । जीवनलाई देखेर उसका मामामाइजू साह्रै खुसी हुनुभयो । "बाबा ! भोलि जीवन दाइ र हामी नाटक हेर्न जाने है ।" मामाका छोराछोरीले प्रस्ताव राखे । मामाले "हुन्छ" भन्नुभयो ।



"जीवन दादा ! अहिले नाचघरमा चलेको नाटक नि अनौठो छ रे ! हामी केटाकेटीका लागि नै यो नाटक तयार पारिएको रे ! नाटक घरभित्र जो जे बन्न चाह्यो त्यही बन्न पाइन्छ रे ! म त नि दादा ! मयुर

बन्छु ।" मामाको छोरा प्रितमले भोलिपल्ट नाटक हेर्न जाँदा जीवनलाई भन्यो- "म त नि दादा ! भँगेरा बन्ने" प्रितमकी वहिनी प्रियाले भनी । भाइवहिनी दुवैको कुरा सुनेर जीवन छक्क पऱ्यो ।

केहीबेरपछि उनीहरू नाटकघरभित्र छिरे । नाटकघरभित्र नाटक सुरु भइसकेको थियो । जीवनले देख्यो- उसको विद्यालयमा रहेको ग्लोबभन्दा निक्कै ठूलो ग्लोब चारैतिर घुम्दै थियो । ग्लोवभित्रवाट आइमाईको आवाज यसरी आउँदै थियो- "म पृथ्वी हुँ..., सूर्यवाट छुट्टिएको धेरै वर्षपछि मलाई सन्तान जन्माउन मन लाग्यो । म त्यति राम्री थिइनँ । समुद्र, रूखविरुवाले म ढाकिएकी थिइनँ । जिउभरि आगाको राप बोकेकी थिएँ । म अहिले जस्तो स्वस्थ्य पनि थिइनँ । त्यसैले मैले ठूली छोरी पाउन सकिनँ, साह्रै सानी पाएँ । सन्तान जस्तो भए पनि प्यारो हुन्छ... । त्यो मेरो जेठो सन्तान हो... लौ हेर... ।"

ग्लोबबाट यसरी आवाज आउनासाथ त्यहाँ नयाँ ढोका खुल्यो । कोठाभरि जीवनले पुस्तकमा देखेको चित्रका जस्ता प्राणीहरू यताउता घुम्दै थिए । "हो म नै पृथ्वीमाताको जेठो सन्तान हुँ । मेरो नाम अमिबा हो... । म एक कोषीय प्राणी हुँ ।" कोठाभित्रबाट यस्तो आवाज आइरहेको थियो । "दादा... दादा ! अमिबासँग हात मिलाउन जाने ?" प्रितमले भन्यो । "पख अहिले" जीवनले जवाफ दियो । जीवनलाई अलिअलि डर र अलिअलि रमाइलो लाग्दै थियो ।

एकछिनपछि त्यहाँ फेरि अँध्यारो भयो । ग्लोब चारैतिर घुम्न थाल्यो । ग्लोबभित्रबाट नारी स्वर यसरी गुन्जियो"- "त्यसपछि मैले धेरै कोष भएका पोरिफेरा, ...एनिलिडा... अर्थोपोडा... जस्ता आठओटा सन्तान जन्माएँ । डँडाल्नाको हाड (Back-Bond) नभएका यी सन्तानले कुनै ठूलो काम गर्न सकेनन्... । यी आफैं उभिन, टाढाटाढा पुग्न सक्दैनथे... । तैपनि यी मेरा लागि उत्तिकै प्यारा छन् ।" यस्तो आवाजसँगै विभिन्न आठओटा कोठाहरू खुले । यी कोठाहरूमध्ये कुनैमा गँड्यौला, जुका, कुनैमा कमिला, गगँटो, कनसुत्लो त कुनैमा सङ्खेकिरा सल्बलाइरहेको दृश्य जीवनले देख्यो ।

त्यसपछि फेरि अँध्यारो भयो । ग्लोव घुम्न थाल्यो र आवाज फेरि आउन थाल्यो- "मलाई बलियो, धेरै वर्षसम्म बाँच्ने सन्तान चाहिएको थियो । त्यतिवेलासम्म म निकै सेलाइसकेकी थिएँ । मेरो चारैतिर पानी थियो... । मैले अब ढाड र हाड भएका सन्तान जन्माउनु थियो... । यसपटक मैले ढाड भएको पहिलो सन्तान जन्माएँ- 'माछा' ।"

यसपछि एउटा कोठा खुल्यो । जीवनले कोठाभरि स-साना माछाहरू सल्बलाएको देख्यो । तीमध्ये एउटा माछाले मुख खोल्यो- "म पानीमा मात्र बस्छु । पानीमा पौडन्छु । पानीबाट झिक्यो भने सास फेर्न नपाएर मर्छु ।"

त्यसपछि फेरि अँध्यारो भयो । ग्लोब घुम्न थाल्यो र भन्न थाल्यो- "त्यसपछि मैले ढाड भएका माइँलो, साइँलो, काइँलो र कान्छो समेत ५ ओटा सन्तान जन्माएँ ।"

आवाज बन्द भयो । कोठाहरू क्रमश: खुल्दै थए ।

दुई नं. कोठाबाट एउटा भ्यागुतो उफ्रियो । दर्शकहरूको टाउको टाउको उफ्रँदै उसले भन्यो "म उभयचर हुँ । पानी र जमिन दुवै ठाउँमा बस्न सक्छु । मेरो बाल्यकाल माछा जस्तै गरी पानी मै बित्यो । ठूलो भएपछि म जमिनमा उफ्रन सकेँ.... ।" जीवनलाई उसको टाउकोमा बसेको भ्यागुतोदेखि डर त लाग्यो तर ऊ कराएन ।

त्यसपछि तीन नं. कोठा खुल्यो । जीवनले कोठाभरि सर्प, छेपारो, माउसुली, गोही, कछुवा घस्रिरहेको देख्यो । एउटा सर्पले ढोकानजिकै आएर फणा फुलाउँदै भन्यो- "हामी पृथ्वीका साइँला सन्तान हौँ । हामीमध्ये कोही पानीमा त कोही जमिनमा बस्छौँ । हामीले फुल पार्न जानेका छौँ । हामी घस्रेर हिँड्छौँ ।

यसपछि चौथो ढोका के खुलेको थियो- त्यहाँ त हाहाकार मच्चियो । ढोकाबाट कुखुरा, हाँस, परेवा, भँगेरा, ढुकुर, गौँथली जस्ता प्रशस्त चुराहरू नाटकघरभरि उडे । कुनै कसैको टाउकोमा बसे भने कुनै उडि मात्र रहे । एकछिनपछि एउटा सुगा जीवनको हातमा आएर बस्यो र भन्न थाल्यो- "म पृथ्वी आमाकी काइँली छोरी हुँ । हामी सबै आकाशमा उड्छौँ । त्यसैले धेरैले हामीलाई 'आकाशे', 'उड्वा' भन्छन्... । हामीले फुल पार्न जानेका छौँ... । हामी जस्तै भए पनि चमेरो भने हामीसँग मिल्दैन किनकि उसले मुसाले जस्तै सोझै बच्चा पाउँछ, फुल पार्दैन... ।

यसपछि मञ्चको अन्तिम ढोका खुल्यो । कोठाभरि दूध चुसाउँदै गरेका खरायो, जरायो, गाई, बाखी, भैँसी, बाँदर देखिए । एउटा जिउभरि भुत्लै भुत्ला भएको पुच्छर काटिएको बाँदर कोठाबाट निस्कियो । दर्शक भएतिर गएर जिउ कन्याउँदै, सुँघ्दै गर्न थाल्यो । यो देखेर सबैजना हाँसे । "हा... हा... हा..." जोडले हाँसे ।

"चुप्"भनी हकार्दै बाँदरले भन्यो- "हामी पृथ्वीमाताको कान्छो सन्तान... । हामी सबै बच्चा जन्माउँछौँ र दूध चुसाउँछौँ । त्यसैले हामीलाई 'दूधे कान्छी' पनि भन्छन्... । हामीमध्ये म कान्छो हुँ भने सबभन्दा कान्छा हौ तिमीहरू ! मानिसका छोराछोरीहरू... ।" हा... हा... हा..., ऊ हाँस्यो ।

त्यसपछि फेरि अँध्यारो भयो । "ल त भाइबहिनीहरू ! नाटकको पहिलो 'परिचय' भाग सकियो । अब यहाँ भएका प्राणीमध्ये जो जे बन्न चाहन्छ त्यो त्यही बन्न पाउँछ । त्यसको लागि दस मिनेट पर्खन पर्छ ।" यो आवाजसँगै नाटकघर पनि बिजुलीले उज्यालो भयो । जीवन 'अब के बन्ने होला' भन्दै सोच्न थाल्यो ।

# लौ भन नानी म को हुँ ?


• ध्रुव घिमिरे

म संसारको धेरैजसो ठाउँमा पाइने प्राणी हुँ । तर मलाई चानचुने नठान । अरू प्राणीभन्दा म बेग्लै किसिमको छु । जो पानीभित्र बस्न सक्छ त्यो जमिनमा बाँच्न सक्दैन । जो जमिनमा बस्छ त्यो पानीभित्र बाँच्न सक्दैन । तर म भने जमिन र पानी दुवैमा आरामसँग बस्न सक्छु ।


हुनत अहिले मेरा चारै हातखुट्टा पलाएका छन्, तर चारखुट्टे गाई, बाखा, बाँदर जस्तो म दूध चुसेर हुर्केको होइन । जब मेरी आमाले पानीमा फुलपार्नु भयो, म त्यही फुलभित्र थिएँ । म सँगसँगै मेरा धेरै दाजुभाइ, दिदीबहिनी पनि थिए । सेतो, कैलो, चिप्लो फुलभित्र म तिलको गेडाजस्तो सानो र कालो थोप्ला थिएँ ।

जेठअसारको अनुकूल मौसम पाएर म बढ्दै गएँ र एउटा सानो भुरा बनेर म यताउति डुल्न थालेँ । म सानै थिएँ । मेरो पुच्छर पनि सानै थियो । तर पनि यही पुच्छरले गर्दा जमेको पानीमा पौडन सक्ने भएँ । कुवामा पानी भर्न, नुहाउन आउने मानिसहरू मलाई देख्नेबित्तिकै "चेपा गाँडा ! चेपागाँडा !" भन्ने गर्थे । मलाई रिस उठ्थ्यो, तर बोल्न सक्दिनथेँ ।

त्यसपछि म बढ्दै गएँ । मेरो जिउ पनि अहिलेको भन्दा केही ठूलो र मोटो भयो । साथै पुच्छर पनि । अब त म माछाभन्दा कम भइनँ ।



तर अनौठो कुरा के भयो भने त्यसपछि मेरो पुच्छर त बढ्नुको साटो खिइँदै पो गयो । पुच्छरको साटो पछिल्तिर दुईओटा खुट्टा पो पलाउन थाले । तर यी खुट्टाका औँलाहरू छुट्टिएका थिएनन् । हाँसको पैतला जस्तै पातलो छालाको जालोले सबै औँलाहरू जेलिएका थिए । त्यस्तो खुट्टाले पानीभित्र पौडन मलाई झन् सजिलो भयो ।



यसपछि मेरो अगाडिका दुवै हात पनि पलाए, तर **अगाडिका** हातका पन्जा खुट्टाका जस्ता थिएनन् । यसमा चारैऔंला छुट्टिएका थिए ।

यसरी चारै हातखुट्टा पलाएपछि मलाई पानीभित्र मात्रै बसिरहन मन लागेन । मेरो पुच्छर पनि हरायो, त्यसैले बाहिर आएँ । मसँगैको माछो साथी पानीबाहिर पर्नेबित्तिकै सास फेर्न नसकी निसासिन्थ्यो । तर मलाई त्यसो भएन । मेरो फोक्साले पानीबाहिर पनि सास फेर्न सक्यो । पानीबाहिर जमिनमा प्रशस्त किरापट्याङ्ग्रा, भिँगा पाइँदा रहेछन् । मैले यिनीहरूलाई नै आफ्नो आहारा बनाएँ । मेरो लामो जिब्राले समात्नेबित्तिकै किराहरू उम्किन पाउँदैनथे ।

जब म दुईतीन महिनाको भएँ तब आफ्नो जातअनुसार जवान भइसकेको थिएँ । मलाई कुनै कुराको पनि त्यति डर थिएन । पछाडिको स्प्रिङ जस्तो दुई खुट्टाको सहयोगले म तीनचार हात परसम्म उफ्रन सक्थैं । त्यस्तै टाउको नघुमाईकनै म दुइटा आँखाले दुईतिरको चिज राम्ररी हेर्न सक्थैं । त्यसैले चिल, बाज वा त्यस्तै मासु खाने चरा देख्नेबित्तिकै म पानीमा हाम फाल्थैं । पछाडिको दुई खुट्टाले पानी काट्दै टाउको तलतिर पारेर पौडँदै पानीमुनि हिलोमा लेस्सिएर बस्थैं ।

यसरी फेरि पनि पानीभित्र बस्दा म निस्सासिइनँ किनभने मेरो जिउभरि स-साना प्वाल भएको छाला थियो । म तिनै प्वालबाट पानी सोस्दै खान्थैं । यसरी पानी सोस्दा पानीमा मिसिएको हावा मेरो जिउभित्र पुग्थ्यो र म त्यही हावा सासको रूपमा लिन्थैं । यसप्रकार पानीभित्र माछासँगसँगै बस्ने भएकाले माछा मार्नेहरू मदेखि खुब भुक्किन्थे । पानीभित्र माछो ! माछो ! भनेर समात्थे । बाहिर ल्याएर हेर्दा म पो समातिएको हुन्थैं र उनीहरू "छि भुक्यायो" भन्दै मलाई छोडिदिन्थे ।

मलाई साउन र भदौको महिना खुब मन पर्छ । हामी पानी जमेको ठाउँमा वा पोखरीमा बसेरै ट्वार्र... ट्वार्र... गरेर गीत गाउँदै आकाशको पानी बोलाउने गर्छौं । हाम्रो स्वरमा स्वर मिलाएर केटाकेटीहरू "मामा भान्जा भैंसी दुन्छन्, तार्र तुर्र तार्र तुर्र" भन्ने गर्छन् ।



संसारका अरू प्राणीहरू जस्तैः सर्प मेरो सबभन्दा दुष्ट शत्रु हो । यसले त हामीलाई पानीभित्र र बाहिर जहाँ देखे पनि लखेट्छन् । भेट्टायो भने नचपाईकन सुलुक्कै निल्छ । त्यस्तै केही चकचके केटाकेटीहरू मलाई समात्न खोज्छन् र म उनीहरूको जिउमा छिरिक्क मुतेर भए पनि उम्कन्छु किनभने मेरो पिसाब विषालु हुन्छ ।

त्यसपछि सबै मान्छेले दसैं तिहार मनाएको पनि मैले हेरें । तर अब पानी पहिलेको जस्तो तातो थिएन । बाहिरको हावा पनि चिसो हुँदै थियो । राती शीत र तुसारो पर्न थाल्यो किनभने जाडो आइसकेको थियो ।

त्यसैले यो जाडोमा पानीमाथि र वाहिर खुला जमिनमा पनि वस्न नसकिने देखेर मैले एउटा जुक्ति सोचें । पानीमुनि हिलो माटोमा एउटा प्वाल वनाएँ । यसभित्र वाहिरको चिसो हावा सोझै नआउने हुनाले यो प्वाल न्यायो थियो । त्यसैले यसै प्वालभित्र म लुपुक्क टाँसिएर वसें । वाहिर जाडोमा टिक्नै नसकिने भएकाले मैले आफ्नो आहारा खोज्न जान सकिनँ । त्यसैले जे होला होला भनेर केही पनि नखाई जाडोभरि त्यही प्वालभित्र हावा मात्र खाएर बसें ।

कुम्भकर्णले जस्तो छ-छ महिनासम्म सुतेपछि जमिन तात्दै गयो । अब त जाडो गयो होला भनेर म प्वालबाहिर आएँ । चारैतिर ढकमक्क फूल फुलेको रहेछ । मानिसहरू "नयाँ साल आयो । यतिका महिनासम्म खान नपाएकाले म दुब्लो भएको थिएँ । त्यसैले मैले प्रशस्त आहारा खोजेर पेटभरि खाएँ । यतिवेला दिउँसो ज्यादै गर्मी भएकाले म साँझपख मात्रै घुम्न निस्कन्थेँ । त्यसैले पानी पर्ने महिना कहिले आउला र गीत गाउँला भनेर पर्खिन थालें ।

अचेलका विद्यार्थीहरू मेरो कथा सुन्न, पढ्न खुब मन पराउँछन् । त्यसैले मैले आफ्नो सारा कथा तिमीलाई सुनाएँ । तिमीले त मलाई पक्कै देखेका छौ, चिनेका पनि हौला ।

"लौ भन त नानी म को हुँ ?"

"स्यावास ! हो, म त्यही हुँ ।"

# लाटोकोसेरोको निवेदन

• ध्रुव घिमिरे




श्रीमान् नाम जुराउने पुरेतबाजे
नेपाल पुरेत सङ्घ, काठमाडौं

विषय: **नाम नमिलेको बारे ।**

महोदय,

सेवामा निवेदन के छ भने तपाईंल मलाई राख्नुभएको नाम पटक्कै सुहाउँदैन, मिल्दैन । त्यसैले तल लेखिएका कारणहरूका आधारमा मेरो नाम परिवर्तन गरिदिनहुन यो निवेदन पेस गरेको छु ।

पहिलो कुरा त म बोल्न सक्छु । रातीराती तपाईंको घरमाथि आकाशमा मैले 'हुँ-हुँ' गरी कराएको तपाईंले सुनेकै हुनुपर्छ । यसरी तपाईंको निन्द्रा समेत बिथोल्ने गरी जोडले बोल्न कराउन सक्ने मलाई 'लाटो' भन्न मिल्छ ?

अर्को कुरा म सिकारी चरा हुँ । साँझ परेपछि म सिकार खेल्न निस्कन्छु र रातभनि नै सिकार खेल्छु । यसरी भररात सिकार खेलेकाले दिउँसो मलाई थकाइ लाग्छ । म आराम गर्छु । चुप लागेर बस्छु । सायद तपाईले मलाई यसरी आराम गरेर धुमधुम्ती बसेको बेलामा देख्नुभयो होला । मलाई चल्नु, चट्पटाउनु नगरी चुप लागेर बसेको देखेर 'लाटो' भन्नुभएको होला तर त्यो तर्पाको भूल हो । म लाटो भएको भए सिकार गर्न सक्थेँ र ?

थाहा छ ? म तपाईहरूभन्दा बढी सुन्न सक्छु । मेरो सिकारको हिस्साको सानो आवाज पनि म सुन्छु र उसलाई झम्टिन्छु अनि आफ्नो सिकार बनाइहाल्छु । मेरो पखेटा साह्रै नरम, कमलो प्वाँखले बनेका छन् । त्यसैले अरू चराझैँ म उड्दा ठूलो आवाज आउँदैन । मेरा मुखबाट निस्कने डरलाग्दो आवाज

सुन्नेबित्तिकै मुसा, भ्यागुता डराएर भाग्न खोज्छन् । म यही मौकामा यिनीहरू माथि झम्टन पुग्छु । उनीहरूले म उनीहरूमाथि झम्टिन लागेको थाहै पाउँदैनन् । म आफ्ना घुमेका तीखा चुच्चाले ठुङ्छु । बलिया पन्जाले यिनलाई समातेपछि फुत्कन सक्ने कसको तागत ? थाहा पाउनुभयो मेरो सिकार गर्ने तरिका ! म जस्तो तेजिलो दिमाग भएको फुर्तिलो र बाठो चराको नाम 'लाटोकोसेरो' रे ! सुहाउँछ ? अहँ ! **पटक्कै सुहाउँदैन** ।


अँ अर्को कुरा तपाईहरू मलाई लक्ष्मीको बाहन भनेर सम्मान पनि गर्नु हुन्छ साथै " उल्लू" भनेर गाली पनि गर्नुहुन्छ । के म मूर्ख छु ? मैले तपाईहरूको बाली नष्ट गर्ने, किताब, कपी, कपडा काटेर धुरुक्क पार्ने मुसा मारेर कत्रो उपकार गरेको छु । प्लेग रोग फैलाउने मुसा समाप्त गर्न मद्दत गरेको छु । संसारबाटै प्लेग निर्मूल पार्न मैले पनि सहयोग पुऱ्याएको छु । थाहा छ ? एउटा पोथी मुसा वर्षमा ६-७ पल्ट सुत्केरी हुन्छे । यसले एक बेतमा ६-७ ओटा बच्चा पाउँछे । रातभरि सिकार खेलेर यदि मैले यी मुसा नमारिदिने हो भने संसारभरि मुसैमुसा मात्रै पनि हुन सक्थ्यो ।



यसरी म भने मानवजातिकै कल्याणमा जीवनभरि लागिरहने तर तपाईंहरू भने नाम उल्लू राख्ने ? साँच्चीकै छातीमा हात राखेर भन्नुहोस् तपाईंहरू उल्लू कि म उल्लू ?

श्रीमान् तपाईहरूले हामी चराको आवाजको आधरमा राखेका केही नाम ठीकै छन् । "का-का" गर्नेलाई 'काग', 'कुहु-कुहु' गर्नेलाई 'कोइली', 'काफल पाक्यो' भन्नेलाई " काफल पाक्यो" चरा भन्नु ठीकै छ । यस आधारमा शेर्पा भाषामा मेरो नाम 'कुलदुव' राखिएको मेरो चित्त बुझ्को छ । यसैगरी मेरा आवाजको आधारमा तामाङहरू मलाइँ 'मार्-कू-भू-लू' र थकालीहरू 'हङ्-गू-लू' भन्छन् । यी नामहरू चित्त बुझ्दा नै छन् । तर नेपालीमा भने मेरा नाम ठ्याम्मै मिलेको छैन ।

श्रीमान् ! तपाईं मानिसहरू आफ्नो समाजमा लुते कायालाई 'वीरबहादुर' भन्नुहुन्छ । साह्रै गरिब मानिसको नाम 'धनपति' राख्नुहुन्छ । पढ्न नजान्नेको नाम 'विद्याकुमारी' हुन्छ । यस्तो झुटो कुरा तपाईको समाजमा चले पनि हामी चराको समाजमा चल्दैन । न मेरो आवाजमा 'लाटोकोसेरो' सुनिन्छ, न त म 'लाटो' नै छु । न म 'मूर्ख' नै देखिन्छु । त्यसैले मेरा नाम 'लाटोकोसेरो' वा 'उल्लू' राखेकोमा मेरो चित्त बुझेको छैन । मेरो आवाज, स्वभाव, वर्ण, रूप, खुबी केहीको आधारमा पनि मलाई राखिएको नाम मिलेको छैन । त्यसैले मेरो आवाज, स्वभाव, क्षमतासँग मिल्ने नाम जुराई मेरो नयाँ नामकरण गरिदिनुहुन विनम्र अनुरोध गर्दछु



निवेदक
लाटोकोसेरो"उल्लू"
विरान बस्ती
नेपाल ।

# भुसिलकिरो त पुतली पो बनेछ

• ध्रुव घिमिरे

धेरै वर्ष पहिले एउटा जङ्गलनजिकै एउटा ठूलो बगैँचा थियो । त्यहाँ राम्राराम्रा फूलहरू फुलेका थिए । केटाकेटीहरू साँझबिहान सधैँ त्यसै बगैँचामा गएर खेल्थे । त्यहाँ मीठामीठा फलका रूखहरू पनि थिए । त्यसैले चराहरू फल खाँदै,गीत गाउँदै खेल्ने गर्थे । अरूको त के कुरा खरायो, मृगका बच्चाहरू वपनि उफ्रीउफ्री नाच्थे । हात्तीको बच्चा ठूलो जिउ हल्लाएर मान्छेले जस्तै दुई खुट्टाले मात्र टेकी नाच्ने सुर गर्थ्यो तर बल्ड्याङ खान्थ्यो । केटाकेटी खुब हाँस्थे । यसरी सबै जीवजन्तु त्यहाँ गएर केटाकेटीसँग रमाइलो गर्थे । त्यो बगैँचा चौपट्टै रमाइलो पनि थियो ।



एकदिनको कुरा हो - एउटा भुसिलसिरो पनि तिनीहरूसँग खेल्न भनेर बगैँचामा गयो । उसको जिउभरि जिङ्ग्रिङ्ङ परेका सेता नराम्रा भुत्ला देखेर सबै केटाकेटीहरू "बूढो आयो, बूढो आयो " भनेर ऊदेखि परपर भागे । यस्तो देखी भुसिलकिराले भन्यो - " म बूढो होइन । तिमीहरू जस्तै केटाकेटी हुँ । मलाई पनि तिमीहरूसँगै खेलाऊ । "

" हुन्न हुन्न, तँसँग हामी खेल्दैनजौँ । तँ त बूढो भुसे । तेरोजिउ देख्यो कि त हामीलाई घिन लाग्छ । तँलाई छोयो भने हाम्रो जिउ चिलाउँछ । हामी तँसँग खेल्दैनौँ । तँ यहाँबाट भागिहाल " भन्दै केटाकेटीहरू भुसिलकिरादेखि टाढाटाढा भाग्न लागे ।

केटाकेटीसँग खेल्न नपाएकाले भुसिलकिरालाई खुब पीर पर्‍यो । ऊ रुँदैरुँदै फर्क्यो र प्रकृति देवी पार्वती कहाँ गएर भन्यो, "देवी ! देवी ! मेरो नराम्रो जिउ देखेर कसैले पनि मसँग खेल्न मानेनन् ।

त्यसैले मेरो जिउलाई सबैको भन्दा राम्रो बनाइदिनोस् ल । "

भुसिलकिराको कुरा सुनी देवीलाई दया लाग्यो । उनले भनिन्, "ल हुन्छ, तिमी अहिले नै गएर कुनै ठाउँमा नछटपटाईकन " पुतली पुतली " भनी तपस्या गरेर वस । केही दिनपछि तिम्रो सबैभन्दा राम्रो पुतली बन्ने छौ । "



देवीले भनेमुताविक भुसिलकिराले साउनभदौको मुसलधारे पानीमा पनि एउटा रूखमा बसेर "पुतली पुतली" भन्दै तपस्या गऱ्यो । नभन्दै केही दिनपछि भुसिलकिरो त एउटा राम्रो रहरलाग्दो पुतली नै वन्यो । सवैं फूलमा वस्ने, नरम नरम जिउ भएको पुतली देखेर सबै केटाकेटीहरू ऊदेखि रमाए ।

वर्खा लागेपछि, हिलो हुने भएकाले केटाकेटी त्यस बगैंचामा खेल्न आउँदैनथे । त्यस बेला भने ऊ पनि भुसिलकिरो नै हुन्थ्यो । अनि जब वर्षा सिद्धिएर दसैं आउन लाग्थ्यो त्यस बगैंचामा केटाकेटीहरू खेल्न आउँथे । त्यसबेला ऊ पनि खुब राम्रो झिलिमिली पुगली बन्थ्यो । यस्तो राम्रो पुतली देख्दा फूलहरूले पनि मीठामीठा खानेकुरा दिई उसलाई लोभ्याउँथे । केटाकेटीहरू पनि पुतलीसँग मिलिजुली रमाइलो खेल खेल्थे । तर त्यही बूढो भुसिलकिरो पुतली बनेकोहो भन्ने कुरा कसैलाई पनि पत्तै भएन ।


# जेम्स नेपाल र मौरी

• ध्रुव घिमिरे

उसको वास्तविक नाम लक्ष्मी नेपाल हो, तर साथीहरू उसलाई जेम्स सी.आइ.डी. नेपाल भन्छन् । किनकि ऊ जेम्स बन्डले जस्तै साहसी काम गर्न र कुनै कुराको रहस्य पत्ता लगाउन पनि खप्पिस छ ।

साथीहरूले सोधेका कुनै पनि कुराको जबाफ लक्ष्मीबाट प्राप्त हुन्छ । उसलाई कसैले यो कुरा कसरी हुन्छ, भन त भनेर सोध्यो भने ऊ भन्ने गर्छ "ठीक छ म भोलि भन्छु ।" नभन्दै भोलिपल्ट ऊ साथीहरूका सबै प्रश्नहरूको ठीक र साँचो उत्तर दिने गर्छ । उसलाई कसरी थाहा हुन्छ, कसैले पनि भन्न सक्दैन । त्यसैले कसैले 'जादुगर'... त कसैले झाँक्री, कसैले सी.आइ.डी. र धेरैजसो साथीहरू भने उसलाई जेम्स सी.आइ.डी. नेपाल नै भन्ने गर्छन् ।

आज विज्ञान कक्षामा सरले मौरीबारे पढाएपछि घर फर्किंदा जेम्सलाई उसका साथीहरूले सोधे ल भन् त जेम्स... त्यत्तिका मौरी किन सँगसँगै बस्छन् ? आफ्नो घारको हजारौं मौरीलाई उनीहरूले कसरी चिन्छन् ? लाखौं मौरी गुजमुज्ज भएर बनेको घारमा भित्र बस्ने मौरीले अक्सिजन कसरी पाउँछ र बाँच्छ ।



प्रश्न गाह्रो थियो । जेम्सले त्यति बेलै जबाफ दिन सकेन । उसले भन्यो "ठीक छ... यसको उत्तर म भोलिदिन्छु ।"

अहिले जेम्स ओछ्यानमा पल्टिरहेको छ । उसले भोलि नै साथीहरूको प्रश्नको जबाफ दिनुछ । ऊ सोच्दै छ- आखिर किन यस्तो हुन्छ...? यत्ति सोच्दासोच्दै जेम्स निदाउँछ । अनि अरू दिन जस्तै राति सपनामा भुनुनु... भुनुनु... भुनुनु... भुनुनुनु... जेम्स मौरी बन्छ । अनि घार भएतिर जान्छ... भुनुनु... भुनुनु ।

"खबरदार। कुनै शत्रु हाम्रो घारतिर आउँदै छ... होसियार ! खबरदार ऊभित्र पस्ला। होसियार ! उसले गोप्य कुरा थाहा पाउला ! घारको वरिपरि घुम्दै रहेका सैनिक सुरक्षाकर्मी मौरीहरू खबरदारी गर्दै हुन्छन्। "बाफ रे... यिनीहरूले म यो घारको होइन भनेर कसरी थाहा पाए"... जेम्स मौरी छक्क पर्छ। "ऊ यतै आउँदै छ त्यसलाई लखेट्... समात्... मार ..." को ठूलो स्वरसँगै सयौं मौरी जेम्स मौरी भएतिर खनिन्छन्। ऊ भाग्छ... । उसलाई कसैले पनि भेट्न सक्दैन। अरू मौरी घारतिरै फर्कन्छन्।

"ल वा। मलाई त घारभित्र छिर्न नदिने भए" जेम्स मौरी सोच्न थाल्छ।



"आइडिया..." यिनीहरूले बास्नाबाट आफ्नो र अर्को छुट्याउँदा रहेछन्। आफ्नो घारको सदस्य र अरूको घारको सदस्य छुट्याउने आधार यिनीहरूको जिउमा हुने खास किसिमको गन्ध रहेछ... । जेम्सले पत्ता लगायो। "हँ बास्ना सार्नुपर्‍यो" उसले सोच्यो र फूलबारीतिर लाग्यो। त्यहाँ अनगिन्ती मौरीहरू फूलबाट रस वा पराग चुस्दै जम्मा गर्दै पछाडिपट्टिको गोडामा भएको थैलोमा थन्काउँदै थिए। यसरी भाले र पोथी मौरी फूलमा (बोटमा) बस्ने गर्दा पराग सेचन भई अन्नबाली हुने, फल फल्ने कुरा जेम्सले बुझ्यो र ऊ पनि बास्ना सार्न एउटा फूलमा बस्यो। त्यहाँ अरू पनि मौरी थिए। उसले पराग झिकेको बहानाले सबै मौरीलाई नजिकैबाट सुँघ्यो र थाहा पायो... सबै मौरीको गन्ध भिन्दाभिन्दै हुँदो रहेछ। आफ्नो जिउमा खास किसिमको गन्ध ल्याउन वा खास घारको सदस्य हुन एउटा मौरीसँग जेम्स मौरी निहुँ खोजेर जुध्यो। यसो गर्दा त्यो मौरीको बास्ना उसको जिउमा सर्‍यो र त्यसै बास्नासँगै मिल्ने अर्को मौरीसँग पराग लिएर ऊ एउटा घारमा पुग्यो। यति वेला अघिको जस्तै घार बाहिरको सैनिक माहुरीले उसलाई रोकेनन्, लखेटेनन्। ऊ सरासर घारभित्र पस्यो।

"मेरी बास्सै बाहिरबाट देख्दा सानो देखिने यस घारभित्र त झन्डै लाखओटा मौरी पो हुँदा रहेछन्"- जेम्स मौरीले पत्ता लगायो।

ठूल-ठूला राजदरबार मन्त्रालय जस्ता लाखौं कोठा भएका घर घारभित्र हुँदो रहेछ, जसलाई 'चाका' भनिँदो रहेछ। त्यसै चाकाको भित्रपट्टि पहेँलो वर्णकी, मोटीमोटी एउटी मौरी बस्दिरहिछ। सबैले यसलाई "महारानी। रानी साहेब" भन्दा रहेछन्। महारानीको काम फूल पार्नु रहेछ। यिनले एकदिनमा हजारसम्म फूल पार्दिरहिछ। यही फूलबाट लार्वा, प्युपा हुँदै ठूलो मौरी बन्दा रहेछन्। त्यस घारमा भएका सबै मौरीहरू त्यस महारानीका मात्र सन्तान रहेछन् र सबैमा हुने विशेष किसिमका गन्ध महारानीको गन्ध रहेछ। त्यसैले यही खास गन्ध हुने सबै मौरीसँग बस्दा रहेछन् र यही गन्धकै आधारमा आफ्नो र अर्काको घारको मौरी छुट्याउँदा रहेछन् भन्ने कुरा बुझ्न अब जेम्स मौरीलाई गाह्रो भएन।

त्यति वेला महारानी फूल पार्दै थिइन् । फूल पारेको ३-४ दिनपछि यी फूल लार्वा हुँदा रहेछन् र यिनको खानाका लागि नै कर्मी माहुरीहरूले चाकाको एउटा खण्डमा मह पारेर जम्मा गरेका रहेछन् । उसले पनि अरूले झैं अघि गोडामा जम्मा पारेको फूलको पराग त्यही मह बनाउने खण्डमा छोड्यो र घारभित्र घुम्दै हेर्न थाल्यो ।

पहेँली महारानीले पारेका फूलमध्ये १-२ वटा फूलबाट उनीजस्तै पहेँली,.केहीबाट प्रायः बतासे फूलबाट जेम्सले अहिले गरेको जस्तै काम गर्ने कर्मी मौरी बन्दा रहेछन् । यसरी घारमा घुम्दै जाँदा उसले तीन किसिमका मौरी देख्यो- पहेँली महारानी, मोटे भाले र दुब्ला, साना र फुर्तिला कर्मी मौरी । यीमध्ये ठूलो कोठामा बस्ने ठूली महारानी एउटी मात्र थिइन् । यिनी नै यस घारकी रानी थिइन् । यिनीविना फूल पार्ने र वंश बढाउने काम हुँदो रहेनछ । त्यसैले यिनी नभई अन्य मौरी बस्न नसक्ने हुँदा रहेछन् र पो "रानी नभएका मौरी जस्तो" भन्ने उखान चलेको रहेछ । यिनको जिउअनुसार यिनी ५-६ वर्ष त पक्कै बाँच्छिन् जेम्सले मनमनै सोच्यो ।

रानी पछिका २००-३०० जति केही मोटा मौरी थिए जसलाई सामुन्नेमा "राजा साहेब ! राजा साहेब !" भन्ने गरे पनि रिस उठ्यो भने "ब्याडे ! मोटे भाले !" भनेर रिस पोख्दा रहेछन् । बाँकीजति सबै ऊ जस्तै कर्मी मौरी रहेछन् । चाका बनाउने, मह पार्ने, बच्चा हुर्काउने, सुरक्षा गर्ने, सारा कामको जिम्मा यिनीहरूकै हुँदो रहेछ ।

"बाफ रे ! मभन्दा माथि त हजारौं छन्, यी हजारौं मौरीले थिच्दा म मर्दिन त ! चाकाको भित्रपुग्दा जेम्स मौरीलाई लाग्यो । तर बाहिरबाट हेर्दा त्यति नदेखिए पनि मौरीहरू फिनिन... फिनिनि गरी आफ्ना प्वाँखहरू चलाइरहँदा रहेछन् र भित्रको मौरीलाई भार नपर्ने गरेर हलुकासँग हल्लिएर बस्दा रहेछन् । यसो गर्दा भित्रको मौरीले बाहिरको अक्सिजन पनि पाउँदा रहेछन् र आफूमाथिका साथीहरूको जिउको बोझ पनि त्यति पर्दो रहेनछ । जेम्सले बल्ल कुरा बुझ्यो ।

"हँ ठीक छ"... कुरो बुझियो जेम्सले मनमनै भन्यो । त्यसपछि चाकाभित्रबाट अरूलाई "बाटो पाऊँ बाटो पाऊँ..." भन्दै बाहिर आउन खोज्यो । सबैले आफ्नै कर्मी मौरी ठानेर बाटो छोडिदिए... । ऊ बाहिर आयो ।


"रहस्य खुल्यो"... लक्ष्मीको आवाज निद्रामै आयो । ऊ झल्याँस्स बिउँझियो र भरखरै आफू मौरी बनेको सपना सम्झियो । "ठीक छ..." साथीहरूको प्रश्नको जबाफ तयार भयो । जेम्स सी.आइ.डी. नेपालको करामत सुनेर साथीहरू फेरि छक्क पर्छन् मनमनै भन्दै ऊ फेरि निदायो ।

o

# चुलबुलेको सपना

• ध्रुव घिमिरे

ऊ बाखाको पाठो हो। ऊ सधैं चकचक गरिरहन्छ। त्यसैले सबैले उसलाई "चुलबुले" भन्छन्। आँगन, पिँढी ओछ्यानमात्र होइन, भऱ्याङ चढी माथिल्लो तल्लामा पुगेर पनि ऊ उफ्रन्छ, नाच्छ। सामान पोखिदिन्छ। तैपनि ऊ सबैको प्यारो छ। "चुलबुले" भनेर जसले बोलाउँछ ऊ उसकै काखमा बस्न पुग्छ। केटाकेटीसँग खेल्न भनेपछि ऊ सारै रमाउँछ। त्यसैले सुधाको घरमा मात्र हैन गाउँका अरू केटाकेटी पनि चुलबुलेसँग खेल्न मन पराउँछन्। केटाकेटीहरू मीठामीठा घाँस दिँदै खेलाउँछन्। ऊ पनि नाच्दै घाँस खाँदै खेल्छ। उसलाई कसैले पनि पाठो भन्दैनन्। सबैले "चुलबुले" भनी बोलाउँने गर्छन्।



आज शुक्रवार सुधाको घरमा आज सधैं बुबाले कथा भन्ने गर्नुहुन्छ। कथा सुन्दा चुलबुले कहिले सुधाको काखमा, कहिले सुबोधको काखमा बस्ने गर्छ। सुधाको बुबाले आज "कस्तूरी मृग" को कथा भन्नुभयो। कस्तूरी मृग कहाँ बस्छ ? कत्रो हुन्छ ? के खान्छ ? यसलाई किन मानिसहरू मार्ने गर्छन् ? यी सबै कुराहरू सुधा र सुबोधले थाहा पाए। कथा सकिँदा चुलबुले सुबोधको काखमा थियो। कथा सकिएपछि सुबोधले चुलबुलेलाई काखबाट हटाउँदै भन्यो-
"कस्तूरी भन्या पनि त बाखा जस्तै हिमालमा बस्ने मृगको जात त रे छ नि, हाम्रो यो चुलबुले पनि कस्तूरी मृग भा भए हामी कति धनी हुन्थ्यौं हगि बा ?"
"अँ त, तर यो चुलबुले कहाँ ! त्यो कसरी का ? यो छुसी पाठो !! ऊ हिमालको मृग !!" आफ्नो काखमा बस्न आएको चुलबुलेलाई हियाएर धपाउँदै सुधाले भनी।
त्यसपछि सबै सुत्न गए। सधैं सुधाले चुलबुलेलाई आफूसँग सुताउँथी, तर आज ऊ एक्लै सुत्न गई, यसैले चुलबुले पनि खोरतिर लाग्यो, तर उसलाई आज पटक्कै निद्रा लागेन। यो घरमा आएदेखि ऊ जुनसुकै वेला पनि सबैको प्यारो भएको थियो। तर आज "कस्तूरी" को कुरा हुँदा उसलाई सबैले हेला गरे। माया गरेनन्। कसैले पनि वास्ता नगरेकाले उसलाई साह्रै पिर पऱ्यो। त्यसैले उसलाई निद्रा लागेकै छैन। ऊ झोक्रिएर सोचिराखेको छ।



"आहा ! म कस्तूरी मृग हुन पाए सबैले मलाई झन् माया गर्थे"- उसले सोच्यो। कस्तूरी र ममा के फरक छ र ? उसका पनि ४ ओटा खुट्टा मेरा पनि त्यति नै, फरक के भने उसको पछिल्ला खुट्टाभन्दा अघिल्ला खुट्टा मोटा हुन्छन् रे भने मेरा पछिल्ला मोटा छन्। उसको खुट्टामा पनि खुर हुन्छ रे मेरो पनि छ। ऊ पनि खैरो रङको हुन्छ रे म पनि त्यस्तै छु। मेरा सिङ छन् र उसका त ती पनि हुँदैनन् रे। उसका २ ओटा सिङजस्ता दाह्रा माथिल्लो च्यापुबाट तलतिर झरेका हुन्छन् रे त्यति बढी त हो नि।

चुलबुले आफूलाई कस्तूरीसँग दाँज्न थाल्यो- ऊ पनि भाले म पनि भाले। ऊ १०-१५ के.जी. को हुन्छ रे म त पछि त्यसभन्दा पनि बढी हुन्छु। उसको आमाको पेटमा ऊ पनि ६ महिना बस्यो, म पनि बसें। ऊ पनि घाँस खान्छ रे पनि त्यही खान्छु। त्यसमा पनि त्यहाँ हिमालमा कमलो घाँस पाइन्न, ऊ धूपी, सल्लो सुकेको स्याउ खान्छ म झन् हरियो कमलो घास खान्छु। उसको छोटो पुच्छर हुन्छ मेरो पनि छ- बढी के भने उसको पुच्छरको फेदमा रौंको झुप्पो हुन्छ रे मेरो छैन। ऊ पनि १२-१५ वर्षसम्म बाँच्छ रे म पनि त्यति त बाँचिहाल्छु होला।

सुधाको बुबाले अघिनै भन्नुभएको कथाको आधारमा चुलबुलेले कस्तूरी र आफूमा केके मिल्दैन छुट्याउन थाल्यो-

कान त उसका पनि छन् मेरा पनि, तर उसको कान अलि बाक्लो र खयारोको जस्तै मास्तिर फर्केका हुन्छन् रे मेरा छैनन्। ऊ चौपटै दौड्न सक्छ रे म त्यति नसकूला फरक त्यति त हो। ऊ पनि भिरमा चर्न सक्छ म पनि सक्छु तर ऊ चाहिं धेरैमाथि हिउँ पर्ने ठाउँमा बस्छ रे त्यहाँ चाहिं म बस्न सक्दिन बा !! म मात्रै हो र ? यो घरका कोही पनि बस्न सक्दैनन् नि त्यस्तो हिमालयमा !! चुलबुलेले चित्त बुझायो।

उसलाई अझै निद्रा लागेको छैन- उठेर गई उसले पानी खायो। "कस्तो ठुस्स गनायो यो पानी त।" उसले मन मनै भन्यो। ऊ फेरि खोरमै आयो। "कस्तूरी हुन पाए..." सोच्न थाल्यो। उसका आँखामा झुम्म के लागेको जस्तो भयो... ऊ निदायो।

केही छिनपछि चुलबुलेले आफू कस्तूरी मृग भएको सपना देख्यो । ऊ त चारैतिर हिउं भएको पहाडमा उफ्रँदै रहेछ- उसको जिउमा उम्रिएको बाक्लो मसिनो खैरो भुत्लाले उसलाई जाडो हुन दिएकै रहेनछ- उसको च्यापुबाट २ ओटा धारिला घुमेका दाह्रा निस्किएका रहेछन् । उसका दाँत कुकुरका जस्ता केही तीखा पनि भएछन् । सबैभन्दा नौलो कुरा उसको नाइटोनिर भुँडीभित्र एउटा गिर्खा (डल्लो) पलाएछ - यो साह्रै बास्ना आउंदो रहेछ । यो २-३ अमल लामो १-१/२ अमल चाक्लो ओखरको गेडा यो सानो बियो जत्रो हुँदो रहेछ- उसले नाइटोमा छामेर थाहा पायो । यो नौलो चीजको बास्ना चौपट्टै आउंदो रहेछ... । "ए...कस्तूरी" भनेको यही डल्लो रहेछ, यसैबाटै... औषधि र सेन्ट बन्दो रहेछ" ऊ मनमनै भन्दो रहेछ ।

यसरी आफू कस्तूरी मृग भएकोमा चुलबुले साह्रै खुसी भयो । हिउंले ढाकिएको भिर पाखामा उफ्रँदा, पनि ऊ लडेन, गहिरा बलिया खुरले उसलाई हिउंमा चिप्लन दिएन । चारैतिर घाम लागेको थियो- चुलबुले चौपट्टै रमायो ।

एकछिन पछि "डवाङ्ग" बन्दुक पड्केको उसले सुन्यो "ए समात् समात्... कस्तूरी ! कस्तूरी !! त्यतै आयो ! त्यतै आयो !! यसलाई मारेर यसको नाइटोमा भएको कस्तूरी झिकेर विदेशमा बेच्नुपर्छ... लाखौं रुपैयाँ आउंछ... लखेट्... लखेट् हान्...हान्" भन्दै मानिसहरूले उसलाई लखेट्न थाले । ऊ १०-१२ हात हाम्फाल्दै, उफ्रिँदै दौडिन थाल्यो । गौंडा गौंडामा मानिस बसेका छन्... ऊ भिर भिर दौडिंदैन... तै पनि मानिसले उसलाई समात्न भने सकेनन्... तर "डवाङ्ग" बन्दुक पड्काउंदैछन्... ऊ भाग्दै छ... भाग्दै छ... ।

"चुलबुले" ए "चुलबुले" यसले राति गाँजा पखाल्या पानी खाएछ... त सकियो भन्दै सुधाको आमा पिर मान्दै चुलवुलेलाई ब्युँझ्याउँदै हुनुहुन्थ्यो... चुलबुले ब्युझियो..., यसो चारैतिर हेर्‍यो आफूलाई लखेट्ने राक्षसजस्ता मानिस देखेन... ऊ ढुक्क भयो... । उसले सपना देखेको कुरा थाहा पायो । "धत्"- कस्तूरीलाई कत्रो आपत् ! माया गर्नुको साटो जो पनि मार्ने खोज्दो रहेछ । आफू धनी हुन अरूलाई मार्ने राक्षस मान्छे... भने म त हुन्न "कस्तूरी" पाठै ठिक छ- मनमनै भन्दै आङ्ग तान्दै चुलबुले खोरबाट खेल्न बाहिर निस्कियो ।

1090
C4

## पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं २०५८ मा प्रकाशित बाल सन्दर्भसामग्रीहरू

- **बालमेला** — कवि माधव घिमिरे, क्षेत्रप्रताप अधिकारी
  (बाल कवितासङ्ग्रह) — समेतका कविहरू
- **हाम्रा प्राविधिक सम्पदा**
  (विज्ञान तथा प्रविधि) — डा. छविलाल गजुरेल
- **अमूल्य उपहार**
  (बाल कथासङ्ग्रह) — विजय चालिसे, जनकप्रसाद हुमागाईं
- **चतुरेको चर्तिकला**
  (बाल कथासङ्ग्रह) — गोरखबहादुर सिंह
- **हाम्रा केही प्रतिभा**
  (जीवनी) — जयप्रसाद लम्साल, द्रोण दाहाल
- **The Tales Retold**
  (Short Stories) — Jagannath Awa
- **केही अनौठा प्राणी र वनस्पति**
  (विज्ञान तथा वातावरण) — ध्रुव घिमिरे, गुहनाथ पौडेल
- **८० दिनमा विश्व भ्रमण**
  (बाल उपन्यास) — अनुवाद
- **हाम्रा सम्पदा**
  (हाम्रा केही प्राकृतिक तथा सांस्कृतिक सम्पदा) — विश्वम्भर चञ्चल
- **बाल सँगालो**
  (विविध रमाइला बाल सामग्रीको सँगालो) — सङ्कलन

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र